# नेपाल संस्कृत विश्वविद्यालय
# परीक्षासम्बन्धी नियम

## २०६७

## परिच्छेद - २
## परीक्षा नियन्त्रण कार्यालयको काम, कर्तव्य र अधिकार

४. **परीक्षा नियन्त्रण कार्यालयको काम, कर्तव्य र अधिकारः-** परीक्षा नियन्त्रण कार्यालयको काम, कर्तव्य र अधिकार देहाय-बमोजिम हुनेछः-

(क) विश्वविद्यालय-अन्तर्गतका विद्यापीठमा अध्ययन गर्ने विद्यार्थी र स्वतन्त्र विद्यार्थीहरूको पञ्जीकरणको व्यवस्था मिलाउने ।

(ख) नियमित, आंशिक, मौका, पूरक, पुनः, सेतु, विशिष्टका साथै स्वतन्त्र परीक्षार्थीको परीक्षा सञ्चालन गर्ने ।

(ग) संचालित परीक्षाहरूको विवरण परीक्षा समितिको बैठकमा प्रस्तुत गरी निर्णय गराई परीक्षाफल प्रकाशित गर्ने ।

(घ) प्रव्रजन (माईग्रेसन) प्रमाणपत्र तयार गरी कुलसचिवसमक्ष प्रस्तुत गर्ने ।

(ङ) निवर्तन प्रमाणपत्र दिने व्यवस्था मिलाउने ।

(च) केन्द्र परिवर्तनको व्यवस्था मिलाउने ।

(छ) लब्धाङ्कपत्र, शैक्षिक प्रगति-विवरण (Transcript) प्रमाणपत्र वितरणको व्यवस्था मिलाउने ।

(ज) दीक्षान्त समारोहका लागि आवश्यक पर्ने सूचना, ग्रेसलिष्ट एवम् प्रमाण-पत्रहरूको व्यवस्था मिलाउने ।

(झ) परीक्षा-सम्बन्धी सम्पूर्ण अभिलेख सुरक्षित राख्ने ।

(ञ) परीक्षा समिति तथा परीक्षा सुधार समन्वय परिषद्द्वारा गरिएका निर्णयहरूको कार्यान्वयन गर्ने, गराउने ।

(ट) परीक्षा तथा परीक्षार्थीसँग सम्बन्धित सम्पूर्ण कार्यहरू गर्ने, गराउने ।

(ठ) परीक्षा नियन्त्रण कार्यालयका लागि आवश्यक पर्ने वार्षिक बजेट र कार्यक्रम तोकिएको ढाँचामा तयार गरी यथासमय केन्द्रीय कार्यालयमा प्रस्तुत गर्ने ।

(ड) तोकिएका अन्य कार्यहरू गर्ने ।





## विषय सूचि


| क्र.सं. | विषय | परिच्छेद | पृष्ठ |
|---|---|---|---|
| १. | प्रारम्भिक | १ | २ |
| २ | परीक्षा नियन्त्रण कार्यालयको काम, कर्तव्य र अधिकार | २ | ४ |
| ३ | परीक्षा सुधार तथा समन्वय परिषद् | ३ | ५ |
| ४. | परीक्षा समिति | ४ | ७ |
| ५. | प्रमाणपत्र र उपाधिहरू | ५ | ३२ |
| ६. | मानार्थ-उपाधि | ६ | ३४ |
| ७. | विश्वविद्यालयमा अध्ययन-अध्यापन हुने तह, विषय र भर्ना हुन चाहने विद्यार्थीहरूको योग्यता | ७ | ३६ |
| ८. | दीक्षान्त समारोह | ८ | ४३ |
| ९. | विविध | ९ | ४६ |

# नेपाल संस्कृत विश्वविद्यालयको परीक्षासम्बन्धी नियम २०६७

नेपाल संस्कृत विश्वविद्यालय ऐन २०४३ (संशोधनसहित) को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल संस्कृत विश्वविद्यालय सभाले देहायका नियमहरू बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः-**

(क) यस नियमको नाम "नेपाल संस्कृत विश्वविद्यालय परीक्षासम्बन्धी नियम २०६७" रहेको छ ।

(ख) यो नियम सभाबाट पारित भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः-** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियममा -

(क) 'ऐन' भन्नाले नेपाल संस्कृत विश्वविद्यालय ऐन २०४३ (संशोधनसहित) भन्ने सम्झनुपर्दछ ।

(ख) 'विश्वविद्यालय' भन्नाले नेपाल संस्कृत विश्वविद्यालय भन्ने सम्झनुपर्दछ ।

(ग) 'नियम' भन्नाले नेपाल संस्कृत विश्वविद्यालयका नियम भन्ने सम्झनुपर्दछ ।

(घ) 'परिषद्' भन्नाले परीक्षा सुधार तथा समन्वय परिषद् भन्ने सम्झनुपर्दछ।

(ङ) "समिति" भन्नाले ने.सं.वि. ऐन २०४३ (संशोधनसहित) को दफा २६ अनुसार यस नियमबमोजिम गठित परीक्षा समितिलाई सम्झनुपर्नेछ।

(च) "छात्र वा विद्यार्थी" भन्नाले परीक्षामा सहभागी हुने छात्र र छात्रासमेतलाई जनाउनेछ ।

(छ) "पूर्ण परीक्षा" भन्नाले विश्वविद्यालयद्वारा प्रत्येक शैक्षिक वर्षमा तोकेको समयमा तोकिए-बमोजिम गराइने वार्षिक परीक्षालाई सम्झनुपर्नेछ ।

(ज) "आंशिक परीक्षा" भन्नाले तोकिएका समयमा तोकिए-बमोजिम





गराइने आंशिक परीक्षालाई सम्झनुपर्नेछ ।

(झ) "विशिष्ट परीक्षा" भन्नाले तोकिएका समयमा तोकिएबमोजिम गराइने विशिष्ट परीक्षालाई सम्झनुपर्नेछ ।

(ञ) "पूरक वा पुनः वा मौका परीक्षा" भन्नाले तोकिएका समयमा तोकिए-बमोजिम गराइने पूरक वा पुनः वा मौका परीक्षालाई सम्झनुपर्नेछ।

(ट) "परीक्षा-नियन्त्रक" भन्नाले परीक्षा नियन्त्रण कार्यालयको प्रमुखको रूपमा काम गर्ने गरी तोकिएको व्यक्तिलाई सम्झनुपर्नेछ ।

(ठ) "सहपरीक्षा-नियन्त्रक" भन्नाले परीक्षानियन्त्रकको काममा सहयोग पुऱ्याउने उद्देश्यले नियुक्त सहपरीक्षानियन्त्रक भन्ने सम्झनुपर्नेछ ।

(ड) "पत्र" भन्नाले छुट्टाछुट्टै उत्तीर्ण हुनुपर्ने सैद्धान्तिक पत्र र प्रयोगात्मक पत्र तथा अन्य खण्डका पत्रलाई समेत सम्झनुपर्नेछ ।

(ढ) 'विनियम वा कार्यनिर्देशिका वा कार्यप्रणाली' भन्नाले 'परीक्षा सञ्चालनका लागि तोकिएको निर्देशिका' भन्ने सम्झनुपर्नेछ ।

(ण) 'तोकिएको वा तोकिए-बमोजिम' भन्नाले ऐनको अधीनमा बनाइएको यस नियम र यस नियम-अन्तर्गतका कार्यप्रणाली र कार्यनिर्देशिका-बमोजिम तोकिएको वा तोकिएबमोजिम भन्ने सम्झनुपर्दछ ।

(त) "सङ्गठन वा निकाय-प्रमुख" भन्नाले केन्द्रीय कार्यालयमा कुलसचिव, विद्यापीठमा प्राचार्य र अन्य निकायमा कार्यालय-प्रमुख भन्ने सम्झनुपर्दछ ।

२ ऐन वा अन्य नियमहरूमा प्रयुक्त शब्द वा शब्दहरू यस नियममा पनि परिभाषित भएकोमा प्रसङ्गवश अर्को अर्थ नलागेमा ती शब्द वा शब्दहरूको व्याख्या ऐन र नियमकै अनुरूप गरिनेछ ।

३. नियमको व्याख्याः- यस नियमको व्याख्या गर्ने अधिकार कार्यकारि-परिषद्लाई हुनेछ।

(ग) परीक्षा सञ्चालनका लागि आवश्यक सबै व्यवस्था गर्नु ।

(घ) परीक्षाफल प्रकाशित गर्नु ।

(ङ) परीक्षा आवेदक विवादास्पद भएमा निजलाई परीक्षामा बस्न दिने वा नदिने निर्णय गर्नु ।

(च) परीक्षामा परीक्षार्थीहरूबाट अनुचित एवम् अनियमित कार्य गरेको सबुत-प्रमाणसहित पेस हुन आएमा तोकिए-अनुसार समुचित कारबाही गर्नु ।

(छ) आवश्यकताअनुसार सम्परीक्षण उपसमिति गठन गर्नु ।

(ज) परीक्षा-सम्बन्धी गोप्यता भङ्ग गरेको पाइएमा त्यस्ता व्यक्तिउपर समुचित कारबाही गर्नु ।

(झ) परीक्षा सुधार तथा समन्वय परिषद्को निर्णय र निर्देशनलाई पालना र कार्यान्वयन गर्नु/गराउनु ।

(ञ) दीक्षान्त समारोहका लागि आवश्यक व्यवस्था गर्नु ।

(ट) परीक्षा सुधार तथा समन्वय परिषद्मा परीक्षासंम्बन्धी सम्पूर्ण गतिविधिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु ।

(ठ) कुनै कारणवश प्रश्नपत्रमा त्रुटिरहन गई परीर्क्षीहरूलाई मर्का पर्न गएको प्रमाणित भएमा त्यसका निमित्त प्रश्नपत्र व्यवस्थापन उपसमितिका सदस्यहरूलाई उचित कारबाही गर्नु ।

(ड) प्राश्निक, परीक्षक, सम्परीक्षक र अङ्कगणकले त्रुटिपूर्ण कार्य गरेको पाइएमा आवश्यक कारबाही गर्नु ।

(ढ) अन्य आवश्यकता-अनुसारका कार्यहरू गर्नु ।

(ण) नेपाल संस्कृत विश्वविद्यालय शैक्षिक तथा सङ्गठन-सम्बन्धी नियम २०६७ को नियम ३३१ बमोजिमको परीक्षा सञ्चालक समितिलाई निर्देशन दिनु, सो समितिले सिफारिस गरेका काम काजलाई स्वीकृति प्रदान गर्नु र अनुगमन तथा मूल्यांकन गर्नु ।

(त) परीक्षा सञ्चालक समितिको संरक्षकका रूपमा परीक्षा समिति रहनेछ र तोकिएका शैक्षिक कार्यक्रम-अन्तर्गतको परीक्षा सञ्चालन गर्न दिइएको अनुमति अनुरूप परीक्षाको व्यवस्था





## परिच्छेद - ३
## परीक्षा सुधार तथा समन्वय परिषद्

४. **परीक्षा सुधार तथा समन्वय परिषद्को गठनः-** (१) विश्वविद्यालयद्वारा सञ्चालन हुने परीक्षाहरूको सञ्चालन एवम् व्यवस्थापनको मूल्याङ्कनका साथै आवश्यकताअनुसार समन्वय एवम् सुधारको लागि निर्देशन गर्न देहाय-बमोजिमको परीक्षा सुधार तथा समन्वय परिषद् रहनेछः-

(क) शिक्षाध्यक्ष - अध्यक्ष

(ख) कुलसचिव - उपाध्यक्ष

(ग) प्राज्ञिक परिषद्का सदस्यहरूमध्येबाट उपकुलपतिद्वारा मनोनीत एकजना - सदस्य

(घ) प्राचार्यहरूमध्येबाट उपकुलपतिद्वारा मनोनीत एकजना- सदस्य

(ङ) परीक्षासम्बन्धी काममा अनुभवप्राप्त शिक्षकहरूमध्येबाट उपकुलपतिद्वारा मनोनीत एकजना - सदस्य

(च) परीक्षा-सम्बन्धी काममा अनुभवप्राप्त कर्मचारीहरूमध्येबाट उपकुलपतिद्वारा मनोनीत एकजना- सदस्य

(छ) परीक्षानियन्त्रक - सदस्य-सचिव

(२) परिषद्को बैठक वर्षमा कम्तीमा दुईपटक बस्नेछ र गणपूरक सङ्ख्या ४ हुनेछ ।

(३) परिषद्को निर्णय बहुमतद्वारा हुनेछ र पदेन सदस्यबाहेक अन्य सदस्यहरूको पदावधि दुईवर्षको हुनेछ ।

(४) परीक्षा-सम्बन्धी विशेषज्ञ वा परीक्षासंग सम्बद्ध व्यक्तिलाई अध्यक्षको अनुमति लिई सदस्यसचिवले बैठकमा आमन्त्रण गर्न सक्नेछ । आमन्त्रित व्यक्तिले मत दिने कामबाहेक राय प्रस्तुत गर्न र छलफलमा भाग लिन सक्नेछ । तर त्यस्तो आमन्त्रित व्यक्तिले बैठकमा भएका छलफल, निर्णय वा तत्सम्बन्धी सबै कुराहरू गोप्य राख्नुपर्नेछ ।

(५) परिषद्को बैठकमा भाग लिने सबै सदस्यलाई तोकिएको बैठकभत्ता उपलब्ध हुनेछ ।

**५. परीक्षा सुधार तथा समन्वय परिषद्को काम, कर्तब्य र अधिकारः-**

(१) परिषद्को काम, कर्तब्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) परीक्षाको नीति, किसिम र तरिका आदिका सम्बन्धमा प्रारूप तयार गरी प्राज्ञिक परिषद्मा सिफारिस गर्ने ।

(ख) परीक्षासम्बन्धी कार्यप्रणालीको निर्धारण, मूल्याङ्कन र अन्य कार्य गर्नु, गराउनु ।

(ग) परीक्षासम्बन्धी कामको लेखा-जोखा गर्न समिति, उपसमिति वा कार्यदल गठन गरी प्रतिवेदन लिने र आवश्यक कारबाहीका निमित्त सिफारिस गर्ने ।

(घ) सभा, प्राज्ञिक परिषद् र कार्यकारिपरिषद्द्वारा पारित परीक्षासम्बन्धी निर्णय तथा निर्देशन कार्यान्वयन गर्नु, गराउनु ।





## परिच्छेद - ४
## परीक्षा समिति

**६. परीक्षा समितिको गठनः-** (१) विश्वविद्यालय-अन्तर्गत सञ्चालन हुने परीक्षाहरूको सञ्चालन र अन्य आवश्यक ब्यवस्था गर्न देहायका सदस्यहरू भएको एक परीक्षा समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | कुलसचिव - | अध्यक्ष |
| (ख) | प्राज्ञिक-परिषद्का सदस्यहरूमध्येबाट उपकुलपतिबाट मनोनीत एकजना - | सदस्य |
| (ग) | परीक्षा-सम्बन्धी काममा अनुभवप्राप्त शिक्षकहरूमध्येबाट उपकुलपतिबाट मनोनीत २ जना- | सदस्य |
| (घ) | परीक्षा-नियन्त्रक - | सदस्य-सचिव |

(२) उपनियम (१) (ख) र (ग) अनुसारका सदस्यहरूको मनोनयन कुलसचिवको परामर्श लिई उपकुलपतिले गर्नेछ ।

(३) मनोनीत सदस्यहरूको पदावधि २ वर्षको हुनेछ ।

(४) परीक्षा समितिको गणपूरक सङ्ख्या चार हुनेछ ।

(५) परीक्षा समितिको निर्णय सामान्य बहुमतद्वारा हुनेछ ।

(६) परीक्षा समितिको बैठक बस्दा प्रस्तावित विषयहरूमा विशेष दक्षता भएका अन्य ब्यक्तिहरूलाई समेत आवश्यकता-अनुसार अध्यक्षले आमन्त्रित गर्न सक्नेछ । आमन्त्रित सदस्यको राय निर्णयका लागि गणपूरक सङ्ख्यामा जोडिनेछैन ।

(७) परीक्षा समितिको बैठकमा भाग लिने सबैलाई तोकिए-बमोजिमको बैठकभत्ता उपलब्ध गराइनेछ ।

**७. परीक्षा समितिको काम, कर्तब्य र अधिकारः-** (१) परीक्षा समितिको काम, कर्तब्य र अधिकार देहाय-बमोजिम हुनेछः-

(क) प्रश्नपत्र ब्यवस्थापन उपसमिति (Moderation Board) गठन गर्नु ।

(ख) प्राश्निक, परीक्षक, सम्परीक्षक र अङ्कगणकहरूको नियुक्ति गर्नु ।

भए सोको विस्तृत विवरण परीक्षा समितिलाई उपलब्ध गराउनु ।

११. **प्राश्निक, परीक्षक तथा सम्परीक्षकको नियुक्ति र योग्यताः-** (१) प्रश्नपत्र व्यवस्थापन उपसमितिबाट प्राप्त नामावलीहरूमध्येबाट परीक्षा समितिले कम्तीमा ५ वर्षसम्म सम्बद्ध विषयको प्राध्यापन अनुभव तथा कम्तीमा उपप्राध्यापक पदमा काम गरेका व्यक्तिहरूलाई प्राश्निकमा नियुक्त गर्नुपर्नेछ ।

(२) परीक्षा समितिले परीक्षक नियुक्त गर्दा प्रश्नपत्र व्यवस्थापन उपसमितिले उपलब्ध गराएको नामावलीमध्येबाट कम्तीमा ३ वर्षसम्म सम्बद्ध विषयको प्राध्यापन अनुभव तथा कम्तीमा उपप्राध्यापक पदमा काम गरेकालाई नियुक्त गर्नेछ ।

(३) सम्बद्ध विषयमा कम्तीमा ५ वर्षसम्मको प्राश्निकको अनुभव भई कम्तीमा १० वर्ष प्राध्यापन अनुभव भएका शिक्षकहरूमध्येबाट प्रश्नपत्र व्यवस्थापन उपसमितिले उपलब्ध गराएका नामावलीमध्येबाट आवश्यकता-अनुसार कम्तीमा ३ जनाको सम्परीक्षण समिति परीक्षा समितिले गठन गर्नेछ ।

(४) उपनियम (३) बमोजिम विषयगत प्रकृतिलाई हेरी परीक्षा समितिले प्रत्येक परीक्षाका लागि तोकिए-अनुसार ३ जनासम्मको सम्परीक्षण उपसमिति गठन गर्नेछ । अन्य विषयगत शिक्षकलाई पनि आमन्त्रण गर्नुपर्ने भन्ने उपसमितिलाई लागेमा परीक्षा नियन्त्रकसमक्ष प्रस्ताव प्रस्तुत गर्नुपर्नेछ । परीक्षानियन्त्रकलाई सो कुरा उचित लागेमा परीक्षा समितिबाट अनुमोदन गराउने गरी अन्य विषयगत शिक्षकलाई पनि आमन्त्रण गर्न उपसमितिलाई अनुमति दिन सक्नेछ ।

(५) सम्परीक्षण टोलीले परीक्षकहरूबाट परीक्षण भै आएका उत्तरपुस्तिकाहरूमा परीक्षणको स्तर उपयुक्त भए नभएको सम्परीक्षण गर्ने र कुल उत्तरपुस्तिकाको कम्तीमा ५१% उत्तरपुस्तिका सम्परीक्षण गरेको हुनुपर्नेछ ।

(६) सम्परीक्षण गर्दा परीक्षणको स्तरमा एकरूपता भए-नभएको तथा अङ्क उतार जोड छुट-समेत भए नभएको हेरी प्राप्ताङ्कमा आवश्यक सुधार गर्न वाञ्छनीय भए सोको कारण प्रष्ट उल्लेख गरी संशोधन गर्ने र संशोधित स्थानमा दस्तखतसमेत गर्नुपर्नेछ ।

(७) कुनै परीक्षकबाट गरिएको उत्तरपुस्तिका परीक्षण सन्तोषजनक नभएको लागेमा आवश्यक सुधारका लागि त्यस-सम्बन्धी बेहोराको सुझाव परीक्षा समितिलाई उपलब्ध गराउनु पर्नेछ ।





र सञ्चालनका सन्दर्भमा सामान्य रेखदेख एवम् निर्देशन दिनु परीक्षा समितिको कर्तव्य हुनेछ ।

(२) परीक्षा समिति र परीक्षा सुधार तथा समन्वय परिषद् कार्यकारि-परिषद्प्रति पूर्ण उत्तरदायी हुनेछन् ।

८. **परीक्षा-नियन्त्रकको काम, कर्तव्य र अधिकारः-** (१) ऐन, नियमको अधीनमा रही परीक्षा सुधार तथा समन्वय परिषद्, परीक्षा समिति एवम् कुलसचिवको निर्देशनमा देहायबमोजिमका कार्यहरू गर्नु, गराउनु परीक्षा-नियन्त्रकको कर्तव्य हुनेछः-

(क) विद्यार्थीहरूको नाम दर्ता गर्नु ।

(ख) प्रव्रजन प्रमाणपत्र (Migration) दिने व्यवस्था मिलाउनु ।

(ग) निवर्तन प्रमाणपत्र (Withdrawal) दिने व्यवस्था मिलाउनु ।

(घ) नियमित तथा स्वतन्त्र परीक्षाका पूर्ण, आंशिक, पुन, पूरक, मौका र विशिष्ट परीक्षा सञ्चालनको आवश्यक व्यवस्था मिलाउनु ।

(ङ) परीक्षाहरूको परिणाम यथासमय प्रकाशित गर्नु, गराउनु ।

(च) प्रमाणपत्रहरू वितरण गर्ने व्यवस्था मिलाउनु ।

(छ) परीक्षा फाराम स्वीकृत वा अस्वीकृत गर्नु ।

(ज) शैक्षिक क्यालेण्डर-अनुसार परीक्षा-कार्यक्रम प्रकाशित गर्नु ।

(झ) परीक्षाको प्रवेशपत्र दिनु ।

(ञ) लब्धाङ्कपत्र वितरण गर्नु ।

(ट) कुलसचिवबाट सदर गराई परीक्षार्थीहरूको नाम, थर, जन्ममिति, ठेगाना सच्याउनु ।

(ठ) परीक्षासम्बन्धी सम्पूर्ण अभिलेख तयार गराई सुरक्षितसाथ राख्नु ।

(ड) अस्थायी प्रमाणपत्र दिनु ।

(ढ) शैक्षिक प्रगति-विवरण-प्रपत्र दिनु ।

(ण) आफ्नो अनुपस्थितिमा दैनिक कार्य सञ्चालन गर्न निमित्त दिनु ।

(त) सह-परीक्षानियन्त्रकको नियुक्तिका लागि कुलसचिव-समक्ष सिफारिस गर्नु ।

(थ) परीक्षासम्बन्धी सम्पूर्ण कार्यहरूको समाप्तिपश्चात् परीक्षाफल प्रकाशनको निर्णयका लागि परीक्षा समितिमा आवश्यक अभिलेख प्रस्तुत गर्नु ।

(द) पुनर्योगको व्यवस्था मिलाउनु र सोको नतिजा प्रकाशन गर्नु ।

(ध) प्रमाणपत्र वितरणसम्बन्धी व्यवस्था गर्नु ।

(न) परीक्षा नियन्त्रण कार्यालयको सुरक्षाको समुचित व्यवस्था गर्नु ।

(प) परीक्षाका अभिलेखको सुरक्षाका लागि समुचित व्यवस्था गर्नु ।

(फ) पदक पाउन योग्य ठहरिएका परीक्षार्थीहरूको नामावली तयार गर्नु र सिफारिस गर्नु ।

(ब) उपाधि पाउन योग्य ठहरिएका विद्यार्थीको ग्रेसलिष्ट तयार गर्नु र सिफारिस गर्नु।

(भ) परीक्षासम्बन्धी अन्य काम गर्नु, गराउनु ।

२. परीक्षा-नियन्त्रकले देहायका काम गोप्य राख्नुपर्नेछ ः

(क) प्रश्नपत्र निर्माण एवम् संशोधन गर्ने व्यक्तिहरूको नाम ।

(ख) प्रश्नपत्र र त्यसको संशोधनसम्बन्धी कार्यहरू ।

(ग) प्रश्नपत्रहरूको छपाइ, फोटोकपी वा टाइपको काम ।

(घ) परीक्षाफल प्रकाशित नभएसम्मको परीक्षाफल ।

(ङ) परीक्षा केन्द्रमा पठाउने प्रश्नपत्रहरूको विवरण ।

(च) प्राश्निक, परीक्षक तथा सम्परीक्षक, अङ्कगणकहरूको नियुक्ति ।

(छ) परीक्षासम्बन्धी अन्य गोप्य कार्यहरू र अभिलेखहरू ।

९. **सह-परीक्षानियन्त्रकको काम, कर्तव्य र अधिकारः-** (१) ऐन, नियमको अधीनमा रही परीक्षा-नियन्त्रकको निर्देशनमा देहाय-बमोजिमका कार्यहरू गर्नु, गराउनु सह-परीक्षा-नियन्त्रकको कर्तव्य हुनेछः-

(क) परीक्षाको नतिजा प्रकाशन हुनुअगावै लब्धाङ्क तयार गर्नु, गराउनु र अधिकार-प्रत्यायोजन भएमा परिणाम प्रकाशनपछि लब्धाङ्क वितरण गर्नु ।

(ख) परीक्षा-तालिका (रूटिन) तयार गरी प्रस्तुत गर्नु ।

(ग) परीक्षा सञ्चालन गर्न केन्द्र निर्धारणका लागि सल्लाह दिनु ।

(घ) परीक्षा-फाराम नियम-संगत भएनभएको केलाई वा केलाउन लगाई स्वीकृत गर्ने वा नगर्ने सम्बन्धमा सुझाव दिनु ।

(ङ) परीक्षार्थीको नाम, थर, जन्ममिति, ठेगाना सच्याउन आएका निवेदनउपर कारबाहीका लागि सिफारिस गर्नु ।

(च) परीक्षा नियन्त्रण कार्यालयको आन्तरिक प्रशासन सञ्चालनमा परीक्षा-नियन्त्रकलाई सहयोग गर्नु ।





(छ) परीक्षा-नियन्त्रकको अनुपस्थितिमा निमित्त-परीक्षा-नियन्त्रकको हैसियतले दैनिक प्रशासन सञ्चालन गर्नु, लब्धाङ्कपत्र दिनु, शैक्षिक प्रगति-विवरण (Transcript) वितरण गर्नु, अस्थायी प्रमाणपत्र वितरणको व्यवस्था गर्नु ।

(ज) परीक्षा समिति, परीक्षा सुधार तथा समन्वय परिषद्, परीक्षा-नियन्त्रक र कुलसचिवबाट भएका निर्देशन-बमोजिमका अन्य कार्यहरू गर्नु, गराउनु ।

(झ) परीक्षाफल प्रकाशित भई प्राप्ताङ्कमा चित्त नबुझी पुनर्योगका लागि परेका निवेदनहरू केलाई परीक्षा-नियन्त्रक समक्ष प्रस्तुत गर्नु ।

(ञ) तोकिएबमोजिमका अन्य काम गर्नु, गराउनु ।

२. सह-परीक्षानियन्त्रक परीक्षा-नियन्त्रकप्रति पूर्ण उत्तरदायी हुनेछ ।

१०. **प्रश्नपत्र व्यवस्थापन उपसमितिः-** (१) विश्वविद्यालयद्वारा सञ्चालन गरिने तहगत तथा खण्डगत शैक्षिक कार्यक्रमको विषयगत प्रकृतिलाई हेरी प्रश्नपत्र निर्माणका निमित्त तोकिए-अनुसारका सङ्ख्यामा देहाय-बमोजिम प्रश्नपत्र व्यवस्थापन उपसमितिहरू गठन हुनेछन्:-

(क) प्रश्नपत्र व्यवस्थापन उपसमिति साधारणतया सम्बद्ध विषयमा कम्तीमा १० वर्षको अध्यापन अनुभव भएका शिक्षकहरूमध्येबाट कम्तीमा ३ जनालाई परीक्षा समितिले नियुक्त गर्नेछ ।

(ख) उपनियम (१) (क) बमोजिमको उपसमितिको पदावधि २ वर्षको हुनेछ ।

(२) प्रश्नप्रत्र व्यवस्थापन उपसमितिको काम, कर्तव्य र अधिकार देहाय-बमोजिम हुनेछः-

(क) परीक्षा समितिले मागेमा तोकेको समयभित्र सम्बद्ध विषयका प्राश्निक, परीक्षक तथा सम्परीक्षकको नामावली प्रस्तुत गर्नु ।

(ख) प्राश्निकहरूबाट प्राप्त प्रश्नपत्रहरूलाई पाठ्यक्रमानुसार भए-नभएको पुनरवलोकन गरी आवश्यकता-अनुसार संशोधन गर्नु ।

(ग) परीक्षामा प्रयोग गरिएका प्रश्नपत्रहरूबारे परीक्षा नियन्त्रण कार्यालयलाई प्राप्त भएका गुनासा तथा त्रुटिहरूबारे सूक्ष्म अध्ययन गरी तथ्य पत्ता लगाई के-कस्तो गरिनु उपयुक्त हुन्छ, आफ्नो रायसहितको सिफारिस परीक्षा समितिमा लिखितरूपमा प्रस्तुत गर्नु ।

(घ) विषयको प्रकृति हेरी परीक्षकलाई निर्देशन दिनुपर्ने वा कारबाही गर्नुपर्ने

कार्यालयमा तोकिएको ढाँचामा आवेदन दिनुपर्नेछ । सो प्रमाणपत्र नियमित छात्रको लागि विद्यापीठमार्फत् र स्वतन्त्र विद्यार्थीहरूका लागि परीक्षा नियन्त्रण कार्यालयबाट परिचयको आधारमा सोभैं पनि प्रदान गरिनेछ तर सम्बद्ध विद्यापीठको सिफारिससहित नियमित विद्यार्थी स्वयम् उपस्थित भएमा परीक्षा नियन्त्रण कार्यालयबाट सिधै विद्यार्थीलाई उपलब्ध गराउन पनि सकिनेछ ।

(८) विश्वविद्यालयबाट मान्यताप्राप्त अन्य विश्वविद्यालय वा शैक्षिक बोर्डबाट प्रमाणपत्र प्राप्त गरी नेपाल संस्कृत विश्वविद्यालयमा प्रवेश हुन चाहने छात्रले सक्कल प्रव्रजन प्रमाणपत्र पेस गरी निर्देशिकामा तोकेको शुल्कसहित आवेदन दिनुपर्नेछ ।

१६.**निवर्तन (Withdrawal) प्रमाणपत्रः-** (१) छात्रले कुनै कारणवश अध्ययन पूरा गर्न नसकेमा तोकेको शुल्कसहित निजले सम्बद्ध विद्यापीठमा आवेदन गर्न सक्नेछ । सो आवेदन दर्ता गराएको मितिसम्मको कुनै शुल्क वा जरिवाना बाँकी रहेछ भने सो तिरि-सकेपछि निजलाई निवर्तन प्रमाणपत्र दिन सकिनेछ।

(२) निवर्तन प्रमाणपत्र लिने छात्रले विद्यापीठमा धरौटी राखेको रहेछ भने निजले फिर्ता नपाउने भन्ने आदेश भएकोमा बाहेक सो धरौटी फिर्ता पाउनेछ ।

(३) निवर्तन प्रमाणपत्र लिइसकेका छात्रले विद्यापीठमा पुनः भर्ना हुन चाहेमा नयाँ छात्रसरह शुल्क बुझाउनुपर्नेछ ।

(४) विद्यापीठमा कुनै रकम तिर्नुपर्ने वा आचार-संहिता उल्लङ्घन गरेको (कारणबाट) पाइएमा निवर्तन प्रमाणपत्र रोक्न सकिनेछ ।

(५) विनासूचना कुनै छात्र एक महिनासम्म लगातार कक्षामा अनुपस्थित रहेमा निजको नाम विद्यापीठको दर्ताबाट रद्द गर्न सकिनेछ ।

(६) छात्रले विद्यापीठमा बुझाउनुपर्ने कुनै जिन्सी वा नगद नबुझाएमा वा नतिरेमा निजलाई परीक्षामा बस्न नदिने वा निजको परीक्षाफल वा लब्धाङ्कपत्र वा उपाधि स्थगित गर्न सकिनेछ ।

१७. **पूर्णपरीक्षाः-** (१) १०० पूर्णाङ्क भएको पत्रको लागि आचार्य तहमा चार घण्टाको र उत्तरमध्यमा, शास्त्री तथा शिक्षाशास्त्री (B.Ed.) तहको परीक्षाको लागि तीन घण्टाको परीक्षा समय हुनेछ । ५० पूर्णाङ्क वा सोभन्दा कमको परीक्षा डेढ घण्टाको हुनेछ ।

(२) परीक्षार्थीले निर्धारित पाठ्यक्रम-अनुसारका सम्पूर्ण पत्रमा परीक्षा दिनुपर्नेछ ।

(३) शोधपत्र आदिको मूल्याङ्कन परीक्षा समितिले तोकेबमोजिमका विशेषज्ञबाट हुनेछ ।



(८) प्रश्नपत्र र परीक्षणकार्य त्रुटिपूर्ण देखिएमा सचेत गराउन वा कारबाही गर्न परीक्षा समितिमा सिफारिस गर्नुपर्नेछ ।

(९) सम्परीक्षण समितिबाट सम्परीक्षण भई प्रतिवेदनसहित आएको निर्णयलाई परीक्षा समितिमा प्रस्तुत गरिनेछ ।

(१०)प्रयोगात्मक परीक्षाको उत्तरपुस्तिका संपरीक्षण हुनेछैन । परीक्षा नियन्त्रण कार्यालयले नियुक्त गरेको बाह्य परीक्षकको मूल्याङ्कन नै अन्तिम हुनेछ र पुनर्योगसम्बन्धी व्यवस्था पनि परीक्षा समितिले तोकेअनुसार हुनेछ ।

१२. **नाम दर्ताः-** (१) नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गतका विद्यापीठमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरू तथा स्वतन्त्र परीक्षार्थीहरूको नाम दर्ता गर्न परीक्षा नियन्त्रण कार्यालयमा एउटा दर्ता-पुस्तिका राखिनेछ । उक्त पुस्तिकामा तोकिएअनुसार नाम दर्ता नभएका छात्रहरूलाई विश्वविद्यालयको छात्र मानिनेछैन।

(२) कुनै छात्रले छली वा झुक्याई विश्वविद्यालयमा एकपटकभन्दा बढी नामदर्ता गराएको कुरा थाहा भएमा परीक्षा समितिबाट पछि दर्ता भएको दर्ता नम्बर र सोको आधारमा दिएको परीक्षासमेत रद्द हुन सक्नेछ । साथै त्यस्ता परीक्षार्थीलाई अन्य थप सजाय पनि तोक्न सक्नेछ ।

(३) नेपाल संस्कृत विश्वविद्यालयद्वारा मान्यताप्राप्त अन्य विश्वविद्यालय, समिति वा बोर्डबाट परीक्षा उत्तीर्ण गरी, यस विश्वविद्यालयमा नामदर्ता गराउन चाहेमा त्यस्ता व्यक्तिको नाम यस नियममा तोकिएअनुसार दर्ता गर्न सकिनेछ ।

(४) नाम-दर्तापुस्तिकामा आफ्नो नामदर्ता गराउन चाहने व्यक्तिले तोकिएको आवेदन पत्र भरी निर्देशिकामा उल्लिखित शुल्कसहित नियमित छात्र भए आफ्नो विद्यापीठमार्फत र स्वतन्त्र परीक्षार्थी भए सोझैं परीक्षा नियन्त्रण कार्यालयमा पठाउनुपर्नेछ ।

(५) उपनियम (४) बमोजिमको आवेदनपत्र भर्दा छात्रले आफ्नो नाम, थर, वतन, उत्तीर्ण गरेको परीक्षा, वर्ष, श्रेणी, क्रमाङ्क, बोर्ड वा विश्वविद्यालयको नाम, जन्ममिति र लिङ्गसमेत स्पष्ट गरी खुलाउनुपर्नेछ ।

(६) उपनियम (५) बमोजिमको आवेदनपत्र विद्यापीठमा छात्र भर्ना भएको एक महिनाभित्रै परीक्षा नियन्त्रण कार्यालयमा पठाउनुपर्नेछ ।

(७) कुनै छात्रको नाम सम्बद्ध विद्यापीठको दर्ताबाट हटाउनुपर्ने भएमा हटाउनाको कारण खोली एक महिनाभित्रै सम्बद्ध प्राचार्यले परीक्षा नियन्त्रण कार्यालयमा पठाउनुपर्नेछ ।

(८) परीक्षा नियन्त्रण कार्यालयमा कागजपत्र पठाउँदा सम्बद्ध छात्रको विद्यापीठ दर्ता नम्बर र विश्वविद्यालय दर्ता नम्बर अनिवार्यरूपमा उल्लेख भएको हुनुपर्दछ ।

(९) छात्रले भर्ने परीक्षासम्बन्धी आवेदन-पत्रमा उल्लिखित विवरण, नामदर्ता-पुस्तिकामा उल्लेख गरिएको विवरण-अनुसार नभएको पाइएमा त्यस्ता छात्रहरूको आवेदन अस्वीकृत गर्न सकिनेछ ।

(१०) कुनै छात्रले झुक्याएर नक्कली प्रमाणपत्रको आधारमा विश्वविद्यालयमा प्रवेश लिएको वा परीक्षामा सम्मिलित भएको रहेछ भने निजको प्रवेश र निजले दिएको परीक्षासमेत रद्द गरिनेछ र निजलाई परीक्षा समितिले तोकेको अन्य सजाय पनि हुनसक्नेछ ।

(११) विवाहको कारणले थर सच्याउन चाहने छात्राले निर्देशिकामा तोकिएबमोजिम शुल्क बुझाई आवेदन दिएमा आवश्यक जाँचबुझ गरी विवाहपछिको थर साविकको थरको पछाडि कोष्ठ बन्द रहने गरी सच्याइनेछ ।

१३. **स्थानान्तरण प्रमाणपत्रः-** (१) एक विद्यापीठमा भर्ना भएको छात्रलाई स्थानान्तरण प्रमाणपत्रविना अन्य कुनै विद्यापीठमा भर्ना गरिनेछैन ।

(२) कुनै छात्रले स्थानान्तरण प्रमाणपत्र लिन चाहेमा स्थानान्तरित हुन चाहेको कारण-समेत उल्लेख गरी सम्बद्ध विद्यापीठमा आवेदन दिनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम आवेदन परेमा कारणवश स्थानान्तरण प्रमाणपत्र दिन नहुने अवस्थामा बाहेक तोकेको शुल्क लिई प्राचार्यले स्थानान्तरण प्रमाणपत्र दिनेछ, तर कुनै छात्रलाई स्थानान्तरण प्रमाणपत्र दिन नमिल्ने भएमा परीक्षा नियन्त्रण कार्यालयलाई जानकारी गराउनुपर्नेछ ।

(४) विद्यापीठको हितलाई ध्यानमा राखी कुनै छात्रलाई स्थानान्तरण प्रमाणपत्र दिनुपर्ने भन्ने प्राचार्यलाई लागेमा निजले कुलसचिवको स्वीकृति लिई स्थानान्तरण प्रमाणपत्र दिन सक्नेछ ।

(५) स्थानान्तरण प्रमाणपत्र लिने छात्रले सम्बद्ध विद्यापीठबाट आफूले बुझाएको धरौटी रकम फिर्ता लिई जानुपर्नेछ ।

(६) स्थानान्तरित भई जाने छात्रले जुन विद्यापीठमा जाने हो, सो विद्यापीठमा नयाँ शैक्षिक वर्षको प्रारम्भमा भर्ना हुँदा लाग्ने विविध शुल्कहरू (पुस्तकालय धरौटी, पुस्तकालय शुल्क, खेलकुद शुल्क, विद्यार्थी कल्याण कोष आदि) बुझाउनुपर्नेछ ।



१४. **केन्द्र परिवर्तनः-** नियमित तथा स्वतन्त्र परीक्षार्थीहरूलाई विशेष परिस्थितिमा मात्र केन्द्र परिवर्तन गर्ने स्वीकृति प्रदान गर्न सकिनेछ । केन्द्र परिवर्तनको लागि परीक्षा सुरू हुने मितिभन्दा कम्तीमा १५ दिन अगावै निर्देशिकामा तोकिएको शुल्कसहित परीक्षा नियन्त्रण कार्यालयमा आइपुग्ने गरी आवेदन गर्नुपर्नेछ।

१५. **प्रव्रजन-प्रमाणपत्र (Migration)ः-** (१) कुनै छात्रले प्रव्रजन-प्रमाणपत्र लिन चाहेमा निर्देशिकामा तोकिएको शुल्कसहित परीक्षा नियन्त्रण कार्यालयमा आवेदन दिनुपर्नेछ । यसरी आवेदन दिने छात्र विद्यापीठको नियमित छात्र भएमा निजले सम्बद्ध विद्यापीठका प्राचार्यको सिफारिससमेत प्रस्तुत गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम आवेदन पर्न आएमा परीक्षा नियन्त्रण कार्यालयले निजलाई प्रव्रजन प्रमाणपत्र दिनेछ र यसरी प्रव्रजन प्रमाणपत्र दिएपछि निजको दर्ता नम्बर निलम्बन गरिनेछ ।

(३) उपनियम (२) बमोजिम प्रव्रजन प्रमाणपत्र लिइसकेपछि निज छात्रले आफ्नो नाम विश्वविद्यालयमा पुनः दर्ता गराउन चाहेमा निजले नेपाल संस्कृत विश्वविद्यालयबाट प्रदान गरिएको सक्कल प्रव्रजन प्रमाणपत्र वा सो प्रमाणपत्र अन्य विश्वविद्यालय वा बोर्डमा बुझाएको भए सो विश्वविद्यालय वा बोर्डबाट प्रदान गरिएको सक्कल प्रव्रजन प्रमाणपत्र र निर्देशिकामा तोकिए-बमोजिमको शुल्कसहित आवेदन दिनुपर्नेछ ।

(४) उपनियम (३) अनुसार आवेदन प्राप्त भएमा उक्त आवेदनउपर आवश्यक कारबाही गरी निजले यसै विश्वविद्यालयको प्रव्रजन प्रमाणपत्र पेस गरेमा निलम्बित मूलदर्ता नम्बर पुनः कायम गरी निजलाई जनाउ दिइनेछ । अन्य विश्वविद्यालयको प्रव्रजन प्रमाणपत्र पेस गरेमा भने नयाँ मूलदर्ता नम्बर कायम गरिनेछ ।

(५) कुनै विद्यार्थीले प्रव्रजन प्रमाणपत्र हराएमा प्रमाणित प्रतिलिपि प्राप्त गर्न सकिनेछैन र प्रव्रजन प्रमाणपत्र दिएको प्रमाण भने उपलब्ध गराउन सकिनेछ।

(६) नेपाल संस्कृत विश्वविद्यालयबाट दिइएको प्रव्रजन प्रमाणपत्र हराएमा उचित प्रमाणसहित निर्देशिकामा तोकिएबमोजिमको शुल्क बुझाई विश्वविद्यालयमा पुनः नाम दर्ता गर्न आवेदन गर्न सकिनेछ र हराएको नै भन्ने प्रमाणित हुन आएमा त्यस्ता छात्रको नाम पुनः दर्ता गर्न सकिनेछ ।

(७) प्रव्रजन प्रमाणपत्र लिन चाहेमा छात्र नियमित रहेछ भने सम्बद्ध विद्यापीठमार्फत् र स्वतन्त्र विद्यार्थी रहेछ भने तोकिएको शुल्कसहित सोझै परीक्षा नियन्त्रण

पाउनेछैन ।

६) आंशिक परीक्षामा सम्मिलित भइसकेका वा आंशिक परीक्षाको अवसर पाउँदा पाउँदै अवसरको उपयोग नगर्ने परीक्षार्थीले सोपत्र वा पाठ्यांशको पूरक परीक्षामा सम्मिलित हुन पाउनेछैन ।

७) उत्तरमध्यमा तहको पूरक परीक्षा २०६५ को वार्षिक परीक्षा र विज्ञान उत्तरमध्यमा तहको पूरक परीक्षा २०६६ को वार्षिक परीक्षादेखि लागू भएको मानिनेछ ।

(ग) <u>अवसर (मौका) परीक्षा</u> :-

१) तहपार गर्नका लागि तोकिएको अन्तिम वर्षभित्र तोकिएका पाठ्यांश पूरा गर्न नसक्ने परीक्षार्थीहरूका लागि प्रत्येक ५ वर्षमा एउटा अवसर (मौका) दिने गरी अवसर (मौका) परीक्षाको ब्यवस्था गरिनेछ ।

२) अवसर (मौका) परीक्षा वार्षिक परीक्षाका साथमा लिइनेछ र तोकिएको अन्तिम अवधि पूरा नभएका परीक्षार्थीहरूलाई अवसर (मौका) परीक्षाको ब्यवस्था लागू हुनेछैन ।

३) तोकिएको अवधिमा तहपार नगर्ने परीक्षार्थीले अन्यथा ब्यवस्था भएकोमा बाहेक एकपटक मात्र अवसर (मौका) परीक्षामा सम्मिलित हुन पाउनेछ ।

(४) मौका परीक्षा र उत्तरमध्यमा तहको पुनः वा पूरक परीक्षामा उपस्थित भई उत्तीर्ण हुने परीक्षार्थीलाई पनि प्राप्ताङ्कको प्रतिशतका आधारमा श्रेणी (डिभिजन) प्रदान गरिनेछ ।

(५) वार्षिक परीक्षा, आंशिक परीक्षा, पुनः परीक्षा, पूरक परीक्षा र अवसर (मौका) परीक्षाको परीक्षाशुल्क एवम् विद्यार्थीसँग सम्बद्ध अन्य शुल्क तोकिएबमोजिम हुनेछ ।

**२०. तह पार गर्न पाइने अन्तिम अवधिः-** यस विश्वविद्यालयअन्तर्गत सञ्चालित विभिन्न तहका एकवर्षे कार्यक्रम बढीमा ५ वर्षभित्र, दुईवर्षे कार्यक्रम बढीमा ६ वर्षभित्र, तीनवर्षे कार्यक्रम बढीमा ८ वर्षभित्र पूरा गरिसक्नुपर्नेछ । सो अवधिभित्र तह पूरा गर्न नसकेमा त्यस्ता परीक्षार्थीहरूले पाएका त्यस तहका सबै पत्रका प्राप्ताङ्कहरू अधिकारप्राप्त निकायबाट अन्यथा निर्णय भएकोमा बाहेक स्वतः रद्द हुनेछन् ।

२१. **सेतु परीक्षाः-** (१) दुईवर्षे शास्त्रीतह उत्तीर्ण गरी आचार्यतहमा अध्ययन गर्न





(४) कुनै पनि परीक्षामा अनुपस्थित हुने छात्रलाई सो परीक्षामा अनुत्तीर्ण भएको मानिनेछ।

(५) कुनै पनि छात्रले एक वर्षमा विशिष्ट परीक्षाबाहेक तह पार गर्ने एकभन्दा बढी वार्षिक परीक्षा दिन पाउनेछैन । यसरी परीक्षा दिएको प्रमाणित भएमा पछिल्लो परीक्षाको परीक्षाफल रद्द गरिनेछ ।

(६) परीक्षार्थीले कुनै पनि तहको परीक्षा अघिल्लो वर्षमा नियमित वा स्वतन्त्र (प्राइभेट)जुन रूपमा दिएको भएता पनि त्यो परीक्षार्थीले पछिल्ला वर्षका परीक्षा स्वतन्त्र परीक्षार्थीको रूपमा पनि पूरा गर्न सक्नेछ ।

(७) शास्त्री वा आचार्यको पाठ्यक्रममा रहेको शोधपत्र तयार गर्दा देहायबमोजिम गर्नु पर्नेछ :

(क) शोधपत्र वा अध्ययनपत्र लिने छात्रहरूले आफ्नो अध्ययन पूरा गरेपछि अध्ययन गरेको विषयमा तोकिएको ढाँचामा शोधप्रबन्ध तयार गरी आफ्नो निर्देशकको सिफारिससाथ विद्यापीठको सम्बद्ध शिक्षण विभागमा पेस गर्नुपर्नेछ ।

(ख) उपखण्ड (क) अनुसार पेस हुन आएको शोध-प्रबन्धलाई शिक्षण विभागले आफ्नो सिफारिससाथ विद्यापीठका प्राचार्यमार्फत् परीक्षा नियन्त्रण कार्यालयमा गोप्य गरी पठाउनुपर्नेछ ।

(ग) शास्त्री र आचार्य तहमा निर्धारित शोधपत्र वा अध्ययनपत्र लिने विद्यार्थीहरूले शास्त्रीतहको हकमा परीक्षा समाप्त भएको मितिले ८० दिनभित्र र आचार्य तहको हकमा परीक्षा परिणाम प्रकाशित भएको मितिले १५० दिनभित्र शोधपत्र प्रस्तुत गरिसक्नुपर्नेछ । सो अवधिभित्र नबुझाएमा कक्षामा सर्वाधिक भएवापत् प्राप्त हुने पदक तथा पुरस्कारका लागि योग्य ठहरिनेछैन ।

(८) प्रथम खण्डमा जुनजुन विषयहरू लिई अध्ययन पूरा गरेको छ अन्य खण्डहरूमा सोही विषयहरू नै लिई अध्ययन पूरा गर्नुपर्नेछ।

१८. **पूर्ण परीक्षामा सम्मिलित हुन चाहिने उपस्थितिः-** (१) पाठ्यक्रममा तोकिएको प्रत्येक कक्षामा ७० प्रतिशत हाजिरी नपुगेका नियमित विद्यार्थीहरूलाई पूर्ण परीक्षामा सम्मिलित गराइनेछैन, तर स्वतन्त्र परीक्षार्थीहरूलाई भने यो बन्देज लागू हुनेछैन।

(२) उपनियम (१) मा जेसुकै लेखिएको भएता पनि प्राचार्यले आवश्यक प्रमाण

बुझी उचित देखेमा हाजिरीको बन्देजमा ५ प्रतिशतसम्म छुट दिन सक्नेछ ।

(३) एक विद्यापीठबाट अर्को विद्यापीठमा स्थानान्तरण भएका छात्रको हाजिरी गणना गर्दा दुवैतर्फको हाजिरी जोडी प्रतिशत निकाल्नुपर्नेछ । यसरी स्थानान्तरण भएका छात्रको हाजिरी साविकवाला विद्यापीठले हालको विद्यापीठलाई जानकारी गराउनुपर्नेछ ।

१८. **आंशिक परीक्षाः**-(१) आयुर्वेद उत्तरमध्यमा, विज्ञान उत्तरमध्यमा, उत्तरमध्यमा, शास्त्री, शिक्षाशास्त्री (B.Ed) एवम् आचार्य तहका कुनै खण्डमा पहिलोपटक पूर्ण परीक्षा दिई अनुत्तीर्ण भएको परीक्षार्थीले अनुत्तीर्ण पत्रमा मात्र अर्को वर्ष आंशिक परीक्षा दिन सक्नेछ ।

(२) उपनियम (१) मा जेसुकै लेखिएता पनि कुनै खण्डमा आंशिक परीक्षाको सुविधा पाउने परीक्षार्थीले पुनः त्यस खण्डका सबै पत्रहरूको परीक्षा दिन चाहेमा सम्बद्ध छात्रले विद्यापीठमार्फत् निवेदन प्रस्तुत गरी विद्यापीठबाट सिफारिस भई आएमा परीक्षा दिन पाउनेछ । यस अवस्थामा सो खण्डको पूर्व-उत्तीर्णपत्रका सम्पूर्ण पूर्वप्राप्ताङ्क रद्द हुनेछन् तर एकपटक आंशिक परीक्षामा सम्मिलित भइसकेका विद्यार्थीलाई भने सोही खण्डको पूर्ण परीक्षामा भाग लिन दिइनेछैन ।

(३) आंशिक परीक्षा दिन पाउने छात्र सोही तहको माथिल्लो खण्डमा अध्ययन गर्न र माथिल्लो खण्डको परीक्षामा सामेल हुनसमेत पाउनेछ ।

(४) आंशिक परीक्षा दिने छात्रहरूको परीक्षा सो खण्डको नयाँ समूहका छात्रहरूको वार्षिक परीक्षाका साथै सञ्चालित हुनेछ ।

(५) आंशिक परीक्षामा उपस्थित भई उत्तीर्ण हुने परीक्षार्थीलाई पनि प्राप्ताङ्कको प्रतिशतका आधारमा श्रेणी (डिभिजन) प्रदान गरिनेछ ।

**(६) पूरक परीक्षा तथा पुनः परीक्षाः-**

(क) आयुर्वेद उत्तरमध्यमा तहमा पुनः परीक्षाको व्यवस्थाः-

१) आयुर्वेद उत्तरमध्यमा तहको प्रथम र द्वितीय खण्डका सम्पूर्ण पत्र नियमित रूपमा उत्तीर्ण गरेका तर तेस्रो खण्डमा दुई पत्रसम्म अनुत्तीर्ण भएका नियमित विद्यार्थीले २०६६ को वार्षिक परीक्षाको परिणाम प्रकाशन भएपछि लागू हुने गरी पुनः परीक्षा दिन पाउनेछन् ।

२) तेस्रो खण्डको परीक्षा-परिणाम प्रकाशन भएको मितिले ४५ दिनभित्र पुनः परीक्षाको व्यवस्था गरिनेछ।



३) परीक्षापरिणाम प्रकाशित भएको मितिले १५ दिनभित्र विद्यार्थीले परीक्षा फाराम भरी विद्यापीठमा बुझाइसक्नुपर्नेछ र पुनः परीक्षाका लागि फाराम भर्ने सूचना छुट्टै प्रकाशित गरिनेछैन । विद्यापीठमा प्राप्त फाराम विद्यापीठले २१ दिनभित्र छिटोभन्दा छिटो साधनबाट परीक्षा नियन्त्रण कार्यालयमा पठाउनुपर्नेछ ।

४) पत्र भन्नाले ५० वा १०० अङ्कको एउटा पत्र भन्ने बुझ्नुपर्नेछ ।

५) कुनै पत्र वा पाठ्यांशमा परीक्षा समितिद्वारा कारवाही भई पत्र वा पाठ्यांश निरस्त भएको परीक्षार्थीले सोपत्रको पुनः परीक्षामा सम्मिलित हुन पाउनेछैन ।

६) आंशिक परीक्षामा सम्मिलित भइसकेको परीक्षार्थीले सोपत्र वा पाठ्यांशको पुनः परीक्षामा सम्मिलित हुन पाउनेछैन ।

७) वाक् परीक्षा वा ओजेटीमा अनुत्तीर्ण परीक्षार्थीका लागि पुनः परीक्षाको व्यवस्था लागू हुनेछैन ।

(ख) उत्तरमध्यमा तथा विज्ञान उत्तरमध्यमा तहमा पूरक परीक्षाको व्यवस्थाः-

१) प्रथम र द्वितीय वर्षको वार्षिक परीक्षामा एक-एक पत्रमा अनुत्तीर्ण हुने उत्तरमध्यमा तह तथा नियमित विद्यार्थीका रूपमा प्रथमवर्षको परीक्षा दिई सबै पत्र उत्तीर्ण भएका तर दोस्रो वर्षको परीक्षा पनि नियमित परीक्षार्थीकै रूपमा लगातार परीक्षा दिँदा एकपत्रमा अनुत्तीर्ण भई तहपार गर्न नसकेका विज्ञान उत्तरमध्यमा तहका विद्यार्थीलाई पूरकको व्यवस्था गरिनेछ ।

२) दोस्रो खण्डको परीक्षा-परिणाम प्रकाशन भएको मितिले ४५ दिनभित्र पूरक परीक्षाको व्यवस्था गरिनेछ ।

३) परीक्षा-परिणाम प्रकाशित भएको मितिले १५ दिनभित्र विद्यार्थीले परीक्षा फाराम भरी विद्यापीठमा बुझाइसक्नुपर्नेछ र पूरक परीक्षाका लागि फाराम भर्ने सूचना छुट्टै प्रकाशित गरिनेछैन । विद्यापीठमा प्राप्त फाराम विद्यापीठले २१ दिनभित्र छिटोभन्दा छिटो साधनबाट परीक्षा नियन्त्रण कार्यालयमा पठाउनुपर्नेछ ।

४) पत्र भन्नाले ५० वा १०० अङ्कको एउटा पत्र भन्ने बुझ्नुपर्नेछ ।

५) परीक्षा समितिले कारबाही गरी कुनै पत्र वा पाठ्यांशमा निरस्त भएको परीक्षार्थीले सोपत्रको पूरक परीक्षामा भने सम्मिलित हुन

रोहवरमा उत्तरपुस्तिकाहरू धुल्याउने व्यवस्था मिलाउनुपर्नेछ ।

(२) उपनियम (१) मा जेसुकै कुरा लेखिएको भएता पनि परीक्षकबाट भरिएका लब्धाङ्कप्रपत्र (श्लीप) र अनियमित कार्य गर्ने परीक्षार्थीसँग सम्बद्ध प्रमाणित कागजात तथा प्रतिवेदन परीक्षाफल प्रकाशित भएको मितिले २ वर्षसम्म सुरक्षित राख्नुपर्नेछ ।

(३) कुनै परीक्षार्थीले आफूले पाएको परीक्षा-सम्बन्धी अभिलेखका सम्बन्धमा चित्त नबुझी निवेदन गर्न आएमा परीक्षा नियन्त्रण कार्यालयले कायम गरेको अभिलेख र प्रारम्भिक स्रोत अभिलेखबीच रूजु गरी वास्तविक अभिलेख यकीन गरी प्रमाणित गरिदिनुपर्नेछ ।प्रारम्भिक अभिलेख धुल्याइसकेको अवस्थामा भने मूल अभिलेखलाई नै अन्तिम र प्रामाणिक अभिलेख मानिनेछ ।

(४) कुनै परीक्षार्थीले आफूले प्राप्त गरेको अङकमा चित्त नबुझी उत्तरपुस्तिकाको प्रतिलिपि पाउन नियमानुसार आवेदन दिएमा तोकिएको समयभित्र तोकिएको शुल्क लिई प्रतिलिपि प्रदान गर्न सकिनेछ ।

(५) उपनियम (४) बमोजिम उत्तरपुस्तिकाको प्रतिलिपि प्रदान गर्दा परीक्षक तथा सम्परीक्षकको नाम गोप्य रहने गरी परीक्षाको मर्म र गोप्यतालाई ध्यानमा राखी तोकिएको शुल्क लिई परीक्षा-नियन्त्रकले परीक्षित उत्तरपुस्तिकाको प्रतिलिपि विद्यार्थीलाई उपलब्ध गराउन सक्नेछ ।

(६) उपनियम (५) बमोजिम उपलब्ध गराइएको उत्तरपुस्तिकाको फोटोकपी गर्न वा गराउन पाइनेछैन र विश्वविद्यालयको मर्म, गोप्यता र मर्यादालाई कायम राख्नु विद्यार्थीको पनि कर्तब्य हुनेछ । परीक्षाको मर्म र मान्यतामा आँच आउने गरी सार्वजनिक गरे, गराएमा त्यस्तो काम गर्ने, गराउने विद्यार्थीलाई कारबाही गर्न सकिनेछ।

२७. **पुनर्योगको व्यवस्थाः-** परीक्षाफल प्रकाशित हुँदा कुनै पत्रको प्राप्ताङ्कमा चित्त नबुझेमा निज छात्रले सो परीक्षाफल प्रकाशित भएको मितिले ३५ दिनभित्र नियमित छात्र भएमा विद्यापीठमार्फत् वा सोझै र स्वतन्त्र छात्र भएमा सोझै परीक्षा नियन्त्रण कार्यालयमा तोकिएको शुल्कसहित पुनर्योगका निमित्त आवेदन दिन सक्नेछ । यसरी पुनर्योगका लागि प्राप्त निवेदनअनुसार पुनर्योग गर्न परीक्षा-नियन्त्रकले पुनर्योगकर्ताको नियुक्तिका लागि कुलसचिवसमक्ष पेस गर्नेछ । यसरी नियुक्त पुनर्योगकर्ताले १५ दिनभित्र आफ्नो प्रतिवेदन बुझाउनुपर्नेछ र परीक्षा नियन्त्रण कार्यालयले १५ दिनभित्र नतिजा दिइसक्नुपर्नेछ।



चाहनेहरूका लागि सेतु परीक्षाको व्यवस्था गर्न सकिनेछ । सेतु परीक्षा वार्षिक परीक्षाका साथमा सञ्चालन गरिनेछ र प्रत्येक पत्रको पूर्णाङ्क १०० र उत्तीर्णाङ्क ३५ हुनेछ ।

(२) सेतु परीक्षा स्वतन्त्र परीक्षार्थीका लागि मात्र सञ्चालन गरिनेछ । सेतुको वार्षिक परीक्षामा सम्मिलित भई अनुत्तीर्ण हुने परीक्षार्थीलाई आंशिक परीक्षाको व्यवस्था गरिनेछैन ।

(३) उपनियम (२) बमोजिमको परीक्षामा अनुत्तीर्ण हुने परीक्षार्थीहरूले अर्को वार्षिक परीक्षामा पूरै पत्रहरूको परीक्षा दिनुपर्नेछ ।

२२. **विशिष्ट परीक्षाः-** (१) उत्तरमध्यमा र शास्त्री तहमा मात्र विशिष्ट परीक्षा सञ्चालन गरिनेछ । यस परीक्षाको प्रमाणपत्र दिइनेछैन र श्रेणी पनि निर्धारण हुनेछैन ।

(२) नेपाल संस्कृत विश्वविद्यालय अथवा यसबाट मान्यताप्राप्त अन्य विश्वविद्यालय-बाट उत्तरमध्यमा वा शास्त्री वा तत्समकक्ष परीक्षा उत्तीर्ण छात्रहरूलाई ' विश्वविद्यालयमा भर्ना हुन चाहिने छात्रहरूको योग्यतासम्बन्धी नियमको अधीनमा रही प्रवेशार्थ विषयका आधारमा विशिष्ट परीक्षार्थीको रूपमा परीक्षामा सम्मिलित गराउन सकिनेछ। यसरी सम्मिलित गराउँदा निजलाई उत्तीर्ण तहको यस विश्वविद्यालयको पठन-पाठनमा प्रचलित ऐच्छिक 'ख' वर्गीय विषय र अनिवार्य वैकल्पिक अंग्रेजी विषयमा मात्र विशिष्ट परीक्षार्थीको रूपमा स्वीकृति प्रदान गर्न सकिनेछ ।

(३) उपनियम (२) मा जेसुकै कुरा लेखिएको भएता पनि यस विश्वविद्यालयबाट मान्यताप्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट संस्कृत विषय नलिई प्रमाणपत्र, स्नातक, स्नातकोत्तर वा सोसरहको परीक्षा उत्तीर्ण गरी यस विश्वविद्यालयद्वारा संचालित ५ (पाँच) महिने संस्कृतभाषा प्रशिक्षण उत्तीर्ण भएका विद्यार्थीहरूले विश्वविद्यालयमा भर्ना हुन चाहने छात्रहरूको योग्यता-सम्बन्धी नियमको अधीनमा रही ऐच्छिक 'क' वर्गीय विषय एवम् अनिवार्य संस्कृत विषयको मात्र परीक्षा दिए हुनेछ र विशिष्ट परीक्षार्थीहरूले ऐच्छिक 'ख' वर्ग र अन्य अनिवार्य विषयहरूको परीक्षा दिइरहनुपर्नेछैन ।

(४) विश्वविद्यालयबाट नियमित रूपमा सञ्चालन गरिने वार्षिक परीक्षाको समयमा विशिष्ट परीक्षा लिइनेछ र परीक्षार्थीलाई एकपटकमा कुनै एक तह र एक विषयको विशिष्ट परीक्षामा मात्र सम्मिलित हुन अनुमति प्रदान गरिनेछ ।

(५) विशिष्ट परीक्षा दिँदा खण्डशः वा सबै खण्ड एकैपटक पनि दिन सकिनेछ । सम्बद्ध विषयका निमित्त निर्धारित पाठ्यक्रम-अनुसारको प्रथम खण्डको कुनै पत्रमा उत्तीर्ण हुन नसकेमा सबै खण्डमा अनुत्तीर्ण भएको ठहरिनेछ । द्वितीय वा तृतीय खण्डको कुनै पत्रमा अनुत्तीर्ण भएमा सो खण्डमा मात्र अनुत्तीर्ण भएको मानिनेछ । विद्यार्थीले अर्को पटक परीक्षा दिंदा द्वितीय वा तृतीय खण्डमा निर्धारित सबै पत्रका परीक्षामा उत्तीर्ण हुनुपर्नेछ तर द्वितीय खण्डमा अनुत्तीर्ण भई तृतीयखण्ड भने उत्तीर्ण भएको रहेछ भने पनि दुबै खण्डको परीक्षा दिनुपर्नेछ ।

**२३. संस्कृत भाषा, योग तथा प्राकृतिक चिकित्सा प्रशिक्षणको परीक्षाः-** (१) विश्वविद्यालय-द्वारा स्वीकृति प्रदान गरी प्रशिक्षण कार्यक्रम सञ्चालन भइरहेका स्थानहरूमा परीक्षा समितिले निर्धारण गरेको नीति र कार्यक्रम-बमोजिम संस्कृत भाषा, योग तथा प्राकृतिक चिकित्सा प्रशिक्षणको परीक्षा सञ्चालन गरिनेछ ।

(२) संस्कृत भाषा, योग तथा प्राकृतिक चिकित्सा प्रशिक्षणका प्रत्येक पत्रको पूर्णाङ्क र उत्तीर्णाङ्क प्राज्ञिक-परिषद्ले तोकेबमोजिम हुनेछ ।

(३) संस्कृत भाषा, योग तथा प्राकृतिक चिकित्सा प्रशिक्षणका परीक्षाको प्रमाणपत्र र लब्धाङ्कपत्र मात्र वितरण गरिनेछ । प्रशिक्षणका लबधाङ्कमा श्रेणी भने उल्लेख गरिनेछैन ।

**२४. विदेशीहरूका लागि संस्कृतभाषा प्रशिक्षणः-** (१) यस प्रशिक्षणमा प्रवेशका लागि कम्तीमा १० वर्षको स्कूल शिक्षा पूरा गरेको वा पूर्वस्नातक (Under Graduate Level Of an equivalent to American University) तहमा अध्ययन गरिरहेका र यस विश्वविद्यालयबाट लिइने अंग्रजी भाषाको प्रवेश परीक्षामा उत्तीर्ण हुनुपर्नेछ ।

(२) अंग्रेजी भाषाको माध्यमबाट संस्कृत भाषा प्रशिक्षणको पाठ्यक्रममा जम्मा दुई सत्र र चार पत्र हुनेछन् । सो पाठ्यक्रम दुई सत्रमा पूरा हुनेछ । प्रत्येक पत्रको पूर्णाङ्क १०० र उत्तीर्णाङ्क ५० हुनेछ ।

(३) प्रथम सत्र (सेमेष्टर) मा २ वटा Skt. १०१ र Skt. १०२ पत्रहरू हुनेछन्।

(४) प्रथम सत्र (सेमेष्टर) उत्तीर्ण गरेकालाई मात्र दोस्रो सत्रमा प्रवेश दिइनेछ । दोस्रो सत्रमा Skt. २०१ र Skt. २०२ पत्रहरू हुनेछन् ।



**२५.लबधाङ्कपत्र तथा शैक्षिक प्रगति-विवरण प्रपत्र ( Transcript) वितरणः-**

(१) नियमित तथा आंशिक परीक्षार्थीका परीक्षाहरूका लब्धाङ्कपत्रहरू परीक्षाफल प्रकाशित भएको मितिले ७ दिनभित्र परीक्षा नियन्त्रण कार्यालयबाट पठाइसक्नुपर्नेछ ।

(२) विशिष्ट तथा स्वतन्त्र (प्राइभेट) परीक्षाहरूको हकमा आवेदनपत्रमा निजले पत्राचारको निमित्त उल्लेख गरेको ठेगानामा नै लब्धाङ्कपत्र उपलब्ध गराइनेछ ।

(३) सबै तहका लब्धाङ्कपत्रहरूमा परीक्षा-नियन्त्रकको हस्ताक्षर हुनुपर्नेछ ।

(४) प्राज्ञिक-परिषद्ले प्रत्येक तहका लागि तोकेका सम्पूर्ण पाठ्यांशहरूको परीक्षा उत्तीर्ण गरेका परीक्षार्थीबाट निर्धारित शुल्कसहित आवेदन आएमा परीक्षा नियन्त्रण कार्यालयले शैक्षिक प्रगति-विवरण प्रपत्र (Transcript) उपलब्ध गराउनेछ ।

(५) नियम २५ (४) बमोजिम जारी गरिने शैक्षिक प्रगति-विवरण प्रपत्र (Tran–script) मा विद्यार्थीसँग सम्बद्ध सम्पूर्ण विवरण, निजसँग सम्बद्ध तह, परीक्षा, शैक्षिक वर्ष, खण्डगत र विषयगत प्राप्ताङ्क, तहपार गर्न लागेको समयावधि, प्राप्ताङ्क प्रतिशत, उत्तीर्ण श्रेणी आदि स्पष्ट लेखिनुपर्नेछ र सुरक्षण चिन्हसमेत अङ्कित हुनेछ ।

(६) एकपटक शैक्षिक प्रगति-विवरण प्रपत्र (Transcript) जारी भइसकेपछि अर्कोपटक पुनः जारी गरिनेछैन तर विद्यार्थीले उचित र मनासिव माफिकको कारण जनाई प्रतिलिपि पाउन आवेदन गरेमा मात्र तोकिएको शुल्क लिई प्रतिलिपि जारी गर्न सकिनेछ ।

**२६. उत्तरपुस्तिकाको प्रतिलिपि दिने, धुल्याउने र अन्य अभिलेख सुरक्षा-सम्बन्धी व्यवस्थाः-** (१) परीक्षाफल प्रकाशित भएको मितिले ६ महिनासम्म उक्त परीक्षाका उत्तरपुस्तिकाहरू सुरक्षित रूपमा राख्नुपर्नेछ । विवाद परी वा कुनै कारणवश विवादको टुङ्गो नलागेका उत्तरपुस्तिकाबाहेक अन्य उत्तर पुस्तिकाहरू ६ महिना पुगिसकेपछि धुल्याइनेछन् । विवाद परेका तर विश्वविद्यालयका तर्फबाट ६ महिनाभित्रै टुङ्गो लागि सकेकाको हकमा पनि परीक्षाफल प्रकाशित भएकै मितिले ६ महिनाभित्र उत्तरपुस्तिका र सोसँग सम्बद्ध अन्य कागजातहरू पनि धुल्याइनेछन् । उत्तरपुस्तिका धुल्याउनका लागि परीक्षा-नियन्त्रकसहित निजले तोकेको एकजना अधिकृतस्तरको कर्मचारीसहित अन्य ३ जना कर्मचारीले कुलसचिव कार्यालयको प्रतिनिधिका

तह मुनिको शैक्षिक योग्यतासम्म मात्र प्राप्त गरेको हुनुपर्नेछ ।

(१२) परीक्षा-भवनमा कुनै पनि परीक्षार्थीले अनुचित कार्य गरेको ठहरिन आएमा निज परीक्षार्थीले गरेको अनुचित कार्यको अनुपातमा परीक्षा-समितिले परीक्षा रद्दगर्नुका साथै अरू थप एकवर्षदेखि ३ वर्षसम्म विश्वविद्यालयबाट सञ्चालन हुने कुनै पनि परीक्षामा सम्मिलित हुन नपाउने गरी निष्काशन गर्न समेत सक्नेछ ।

(१३) परीक्षा सञ्चालन कार्यमा खटिएका कुनै पनि ब्यक्तिहरूउपर परीक्षार्थीले अभद्र ब्यवहार, हुलहुज्जत, हातपात तथा कुटपिट जस्ता कार्य गर्नुहुँदैन । कुनै परीक्षार्थीले त्यस किसिमको कार्य गरेमा गरेको कार्यको अनुपातमा परीक्षा समितिले सम्बन्धित परीक्षा रद्द गर्नुका साथै निज परीक्षार्थीलाई एक वर्षदेखि ४ वर्षसम्म कुनै पनि परीक्षामा सम्मिलित हुन नपाउने गरी निष्काशन गर्न सक्नेछ । त्यस्तो निष्काशनको सूचना सञ्चार माध्यमबाट प्रसारण गरिनेछ ।

(१४) परीक्षार्थीले ब्यक्तिगत वा सामूहिक रूपमा आफ्नो वा अरूको परीक्षा बिथोल्ने जस्ता कार्य गर्न पाउनेछैन । त्यस्तो काम गर्ने परीक्षार्थीलाई कारबाहीका निमित्त स्थानीय प्रशासनको जिम्मा लगाइदिन सकिनेछ ।

(१५) परीक्षार्थीले आफू सम्मिलित हुनुपर्ने परीक्षामा आफै नै सम्मिलित हुनुपर्नेछ र अरूलाई सम्मिलित गराउनुहुँदैन । अरूलाई सम्मिलित गराएको प्रमाणित हुन आएका परीक्षार्थीलाई परीक्षा समितिले बढीमा ४ वर्षसम्म निष्काशन गर्ने निर्णयका साथै सम्मिलित अनियमित परीक्षार्थीलाई फौजदारी अभियोगको कारबाही चलाउन स्थानीय प्रशासनलाई जिम्मा लगाउन सकिनेछ र विश्वविद्यालयको कुनै पनि परीक्षामा ४ वर्षसम्म सम्मिलित हुनबाट वञ्चित गर्न सकिनेछ ।

३३. **परीक्षाको माध्यमः-** (१) संस्कृत विषयका पत्रहरूमा परीक्षाको माध्यम संस्कृतभाषा नै हुनेछ ।

(२) भाषागत विषयको हकमा परीक्षाको माध्यम सोही भाषा नै हुनेछ ।

(३) उपनियम (१) र (२) मा उल्लिखित विषयहरूबाहेक अन्य विषयहरूमा परीक्षाको माध्यम नेपाली वा अंग्रेजी भाषा हुनेछ ।

३४. **श्रेणीको वर्गीकरणः-** (१) उत्तरमध्यमा, सेतु र शास्त्री तहका परीक्षाहरूमा कुल प्राप्ताङ्क-प्रतिशतको आधारमा देहाय-बमोजिम श्रेणीवर्गीकरण गरिनेछः-

(क) विशिष्ट श्रेणीः- ८०% प्रतिशत वा सोभन्दा बढी अङ्क ।



२८. **कृपाङ्कको ब्यवस्थाः-** (१) प्रत्येक तहको पूर्ण परीक्षामा कृपाङ्क दिन सकिनेछ । यसरी कृपाङ्क दिँदा सामान्यतया प्राप्त गरेको कुल प्राप्ताङ्कको प्रतिशतको आधारमा निम्नानुसार अङ्क प्रदान गर्न सकिनेछ :-

(क) प्रत्येक खण्डमा १०० पूर्णाङ्कको एक पत्रमा बढीमा ३ अङ्कसम्म कृपाङ्क प्रदान गर्न सकिनेछ ।

(ख) खण्ड (क) बमोजिम अङ्क प्रदान गर्दा त्यस खण्डको सम्पूर्ण पत्रहरूको परीक्षाको कुल प्राप्ताङ्क प्रतिशत प्रथम श्रेणी वा सोभन्दा बढी भई कुनै एक पत्रमा मात्र अनुत्तीर्ण भएमा सो पत्रमा ३ अङ्कसम्म कृपाङ्क दिइनेछ । यस्तै द्वितीय श्रेणीको अङ्क प्राप्त भई कुनै एक पत्रमा मात्र अनुत्तीर्ण भएमा २ अङ्कसम्म र तृतीय श्रेणीको अङ्क प्राप्त भई कुनै एक पत्रमा मात्र अनुत्तीर्ण भएमा १ अङ्कसम्म कृपाङ्क प्रदान गरिनेछ, तर एक पत्रभन्दा बढी पत्रमा अनुत्तीर्ण हुने परीक्षार्थीहरूलाई यो सुविधा दिइनेछैन ।

(ग) कृपाङ्क प्रदान गर्दा खण्ड (क) को निर्धारित पूर्णाङ्कलाई आधार मानी सोही अनुपातमा दिइनेछ ।

(घ) कृपाङ्कको अङ्क छुट्टै देखाउनुपर्नेछ र यसलाई कुल प्राप्ताङ्कमा जोडिनेछैन । साथै यसरी थप गरिएको अङ्क श्रेणी विभाजनमा पनि समावेश गरिनेछैन ।

(ङ) कृपाङ्क दिंदा सम्बद्ध परीक्षार्थी त्यस खण्डको परीक्षामा उत्तीर्ण हुने भएमा मात्र निजलाई कृपाङ्क दिइनेछ ।

(च) विशिष्ट, पुनः, पूरक, मौका तथा आंशिक परीक्षामा कृपाङ्कको सुविधा दिइनेछैन।

२९. **परीक्षाफलः-** परीक्षा सम्पन्न भएपछि उत्तरपुस्तिकाहरूको परीक्षण तथा सम्परीक्षणको काम सम्पन्न गरी साधारणतया ६० दिनभित्र परीक्षाफल प्रकाशित गर्नुपर्नेछ।

३०. **स्वतन्त्र (परीक्षा):-** (१) विश्वविद्यालयद्वारा संचालित हुने उत्तरमध्यमा, शास्त्री र आचार्य परीक्षा स्वतन्त्र परीक्षार्थीको रूपमा दिन चाहने परीक्षार्थीहरूले स्वतन्त्र परीक्षार्थीका रूपमा परीक्षा दिन पाउनेछन् ।

(२) विश्वविद्यालयअन्तर्गतका विद्यापीठहरूमा नियमित छात्रको रूपमा नाम दर्ता भएको छात्रले सोही शैक्षिक वर्षमा स्वतन्त्र परीक्षार्थीको रूपमा परीक्षामा सम्मिलित हुन पाउनेछैन ।

(३) उपनियम (२) मा जेसुकै लेखिएको भएता पनि विद्यापीठमा भर्ना भई अध्ययन गरिआएका, तर विशेष कारणवश आफ्नो अध्ययन जारी गर्न नसकी प्राचार्यबाट निवर्तन प्रमाणपत्र प्राप्त गरेका छात्रलाई स्वतन्त्र परीक्षार्थीका रूपमा सम्मिलित हुन अनुमति दिन सकिनेछ ।

(४) विश्वविद्यालयको कुनै स्तरको प्रथम खण्डको परीक्षा स्वतन्त्र परीक्षार्थीको रूपमा उत्तीर्ण गरेको छात्रले द्वितीय वा तृतीय खण्डका परीक्षामा पनि सोही रूपमा नै सम्मिलित हुनुपर्नेछ ।

(५) विशिष्ट तथा स्वतन्त्र परीक्षार्थीहरूको पाठ्यक्रम, पूर्णाङ्क र उत्तीर्णाङ्कसमेत नियमित छात्रहरूको सरह नै हुनेछ ।

३१. **शैक्षिक-उपाधिः-** (१) प्रत्येक तहको निर्धारित न्यूनतम अवधिभित्र सम्पूर्ण पत्रमा उत्तीर्ण हुने परीक्षार्थीहरूमध्येबाट मात्र पदक वा विशेष छात्रवृत्ति वा पुरस्कारको निमित्त नाम सिफारिस गरिनेछ ।

(२) वि.सं. २०४५ को वार्षिक परीक्षालाई नै नेपाल संस्कृत विश्वविद्यालयद्वारा संचालित पहिलो वार्षिक परीक्षा मानिनेछ ।

(३) कुनै तहको निमित्त निर्धारित सम्पूर्ण पत्रहरूमध्ये सबै पत्र पूरा गरेको वर्षलाई नै तह पूरा गरेको वर्ष मानिनेछ ।

(४) शैक्षिक वर्ष भन्नाले सामान्यतया श्रावण १ गतेदेखि आषाढमासान्त सम्मको अवधिलाई मानिनेछ । तर ईशवीय सम्वत्मा लेख्नुपरेमा भने वर्षका आधारमा नै लेखिनेछ ।

(५) कुनै शैक्षिक वर्षमा प्रवेश पाई अध्ययनरत छात्रहरूको शैक्षिक वर्ष गणना गर्दा विक्रम सम्वत्मा नै गरिनेछ ।

(६) उत्तरमध्यमा, आयुर्वेद उत्तरमध्यमा, विज्ञान उत्तरमध्यमा, आयुर्वेद स्वास्थ्य सहायक र सेतुका प्रमाणपत्र तथा शास्त्री, शिक्षाशास्त्री, आयुर्वेदाचार्य, आयुर्वेद स्नातक र पूर्वाचार्य, आचार्य तहका उपाधि प्रदान गर्ने प्रयोजनका निमित्त तत्-तत् खण्डमा प्राप्त गरेका कुल प्राप्ताङ्कको योगको प्रतिशतको आधारमा अन्तिम मूल्याङ्कन गरिनेछ ।

(७) तत्तत् तहको उपाधि प्राप्त गर्न तत्तत् तहका लागि तोकिएका परीक्षाहरू उत्तीर्ण हुनुपर्नेछ ।

(८) तोकिएको सर्त पूरा गरी उपाधि पाउन योग्य ठहरिएका विद्यार्थीहरूको दर्ता नम्बर, अनुक्रमाङ्क, पूरा नाम, उत्पादित वर्ष, ऐच्छिक विषय आदि स्पष्ट देखिने गरी आलेख पुस्तिका (ग्रेसलिष्ट) मा उल्लेख गरी प्रत्येक वर्ष सभामा प्रस्तुतिका लागि सम्बद्ध निकायमा यथासमय पठाउनुपर्नेछ ।

३२. **परीक्षा-भवनमा परीक्षार्थीले पालन गर्नुपर्ने कुराहरूः-** (१) परीक्षार्थीले केन्द्राध्यक्ष वा निरीक्षकको अनुमतिविना तोकिएको स्थान वा परीक्षा-भवन





छाड्नुहुँदैन ।

(२) परीक्षार्थीले परीक्षा-भवनमा कुनै किसिमको पुस्तक, टिपोट तथा अन्य कुनै कागजपत्र लैजानुहुँदैन । केन्द्राध्यक्षले निषेध गरेका कुनै कुराहरू लगेमा वा अनुचित व्यवहार गरेको पाइएमा केन्द्राध्यक्षले यस्ता परीक्षार्थीलाई परीक्षा भवनबाट निष्काशित गर्न सक्नेछ ।

(३) परीक्षार्थीले केही कुरा सोध्न चाहेमा निरीक्षकको ध्यानाकर्षण गर्न कुनै किसिमको हल्ला नगरी आफ्नो स्थानमा उभिनुपर्नेछ ।

(४) परीक्षा दिँदा परीक्षार्थीले आपसमा कुराकानी गर्नुहुँदैन र प्रश्नपत्र वा अन्य कुनै कागजमा केही लेख्नुहुँदैन ।

(५) परीक्षार्थीहरूले तोकिएको आसनक्रम (सिटप्लान) को आधारमा परीक्षा-भवनमा बस्नुपर्नेछ।सो आसनक्रमको विवरण परीक्षाफल प्रकाशित नभएसम्म विश्वविद्यालयमा पनि सुरक्षित राख्नुपर्नेछ ।

(६) एक परीक्षार्थीले अर्को परीक्षार्थीको उत्तरपुस्तिकाबाट नक्कल गर्नु र गराउनुसमेत हुँदैन । नक्कल गरेको ठहरिन आएमा त्यस्ता परीक्षार्थीको परीक्षा रद्द वा निजलाई निष्काशित गर्नसमेत सकिनेछ ।

(७) परीक्षार्थीले परीक्षा सुरू भएको एकघण्टासम्म तोकिएको परीक्षाकोठा छाड्न हुँदैन र परीक्षाकोठा छोड्दा उत्तरपुस्तिका केन्द्राध्यक्ष वा तोकिएको निरीक्षकलाई बुझाएर मात्र जानुपर्नेछ । उत्तरपुस्तिका नबुझाई परीक्षा-कोठा छोडेमा वा परीक्षा-कोठा मै वा कोठाबाहिर उत्तरपुस्तिका लगेमा वा च्यातेमा त्यस्ता परीक्षार्थीको सो खण्डको सम्पूर्ण परीक्षा रद्द गरिनेछ ।

(८) केन्द्राध्यक्ष वा तोकिएको निरीक्षकलाई आफ्नो उत्तरपुस्तिका बुझाई परीक्षाकोठा छोडी बाहिर गइसकेपछि परीक्षार्थीलाई परीक्षाभवनमा पुनःपस्न कुनै हालतमा पनि अनुमति दिइनेछैन ।

(९) सरूवा रोग लागेका परीक्षार्थीलाई परीक्षा-भवनमा बस्न अनुमति दिइनेछैन । तर परीक्षार्थीको अवस्था हेरी केन्द्राध्यक्षले यस्ता परीक्षार्थीहरूका निमित्त छुट्टै व्यवस्था भने गर्न सक्नेछ ।

(१०) परीक्षार्थी र परीक्षासँग सम्बद्ध व्यक्तिबाहेक अन्य कुनै पनि व्यक्तिलाई परीक्षा-भवनमा प्रवेश अनुमति दिइनेछैन ।

(११) दृष्टिविहीन वा दुई हातमध्ये कुनै हातले पनि लेख्न नसक्ने परीक्षार्थीलाई केन्द्राध्यक्षले निजलाई लेख्ने काममा सहयोग गर्न लेख्ने सहयोगी राख्न अनुमति दिन सक्नेछ तर यसरी राखिने सहयोगीले सम्बद्ध परीक्षाभन्दा एक

# परिच्छेद- ५

## प्रमाणपत्र र उपाधिहरू

**३८. प्रमाणपत्र र उपाधिहरूः-** (१) विश्वविद्यालयबाट उच्च शिक्षा हासिल गर्ने विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धानकर्ताहरूलाई तोकिएका सर्त पूरा गरेपछि देहायका तहका लागि देहायका प्रमाणपत्र तथा उपाधिहरू प्रदान गरिनेछन्ः-

१. उत्तरमध्यमा (P.C.L.)
२. आयुर्वेद उत्तरमध्यमा (A.P.C.L.)
३. विज्ञान उत्तरमध्यमा (P.C.L.)
४. शास्त्री (Bachelors Degree)
५. आयुर्वेदाचार्य (Ayurveda- Acharya)
६. आयुर्वेद स्नातक (B.A.M.S.)
७. शिक्षाशास्त्री (B.Ed.)
८. आचार्य (Masters Degree)
९. विद्यावारिधि (Doctor of Philosophy)

(२) प्रशिक्षण कार्यक्रमको सञ्चालन र प्रमाणपत्र प्रदान गरिनेः- भाषा, धर्म, संस्कृति तथा संस्कृतका प्रयोग-प्रधान विषयहरूमा प्रशिक्षण कार्यक्रमको सञ्चालन गरी तोकिएको ढाँचामा प्रमाणपत्र प्रदान गर्न सकिनेछ ।

(३) प्रमाणपत्रको प्रकार, किसिम र नामः- प्रमाणपत्रको प्रकार, किसिम र तिनको नाम र सङ्ख्यामा हेरफेर वा थपघट वा संशोधन वा अन्य व्यवस्था प्राज्ञिक-परिषद्को सिफारिसमा सभाले गर्नेछ ।

(४) विश्वविद्यालयबाट प्रदान गरिने प्रमाणपत्र वा उपाधिको ढाँचा तोकिएबमोजिम हुनेछ।

(५) उपाधिका प्रमाणपत्र एवम् शैक्षिक प्रगति-विवरण प्रपत्र (Transcript) सुरक्षित तथा प्रतिष्ठित छापाखानामा अत्यन्त गोपनीयताका साथ मुद्रण गराउनुपर्नेछ ।

(६) मुद्रित प्रमाणपत्र तथा शैक्षिक प्रगति-विवरण प्रपत्र (Transcript) हरू परीक्षा-नियन्त्रक वा निजद्वारा तोकिएको कर्मचारीको जिम्मामा अत्यन्त सुरक्षाका साथ भण्डारमा राख्न लगाउनु कुलसचिवको कर्तव्य तथा जिम्मेवारी हुनेछ ।

(७) मुद्रित प्रमाणपत्र तथा मानार्थ उपाधिमध्ये केही वा सबै चोरी भएमा वा हराएमा वा नष्ट गर्नुपरेमा वा प्रयोगमा ल्याउनु अनुपयुक्त भएमा वा अन्य यस्तै अवस्था परेमा कार्यकारि-परिषद्को निर्णयबमोजिम गर्नु, गराउनु कुलसचिवको



(ख) प्रथम श्रेणीः- ६०% प्रतिशत वा सोभन्दा बढी अङ्क ।
(ग) द्वितीय श्रेणीः- ४५% प्रतिशत वा सोभन्दा बढी अङ्क ।
(घ) तृतीय श्रेणीः- ३५% प्रतिशत वा सोभन्दा बढी अङ्क ।
(ङ) प्रयोगात्मक परीक्षाको उत्तीर्णाङ्क ४०% प्रतिशत हुनेछ ।

(२) विज्ञान उत्तरमध्यमा तहको परीक्षामा कुल प्राप्ताङ्क-प्रतिशतका आधारमा देहायबमोजिम श्रेणी-वर्गीकरण गरिनेछः-

(क) विशिष्ट श्रेणीः- ७५ प्रतिशत वा सोभन्दा बढी अङ्क ।
(ख) प्रथम श्रेणीः- ६० प्रतिशत वा सोभन्दा बढी अङ्क ।
(ग) द्वितीय श्रेणीः- ४५ प्रतिशत वा सोभन्दा बढी अङ्क
(घ) तृतीय श्रेणीः- ३५ प्रतिशत वा सोभन्दा बढी अङ्क ।

(ङ) सैद्धान्तिक तथा क्रियात्मक परीक्षामा क्रमशः ३५ प्रतिशत र ४० प्रतिशत वा सो-भन्दा बढी अङ्क ।

(३) आयुर्वेद स्वास्थ्य सहायकको परीक्षामा कुल प्राप्ताङ्क-प्रतिशतका आधारमा देहायबमोजिम श्रेणीवर्गीकरण गरिनेछः-

(क) विशिष्ट श्रेणीः- कुल प्राप्ताङ्क १७६० वा सोभन्दा बढी अङ्क ।
(ख) प्रथम श्रेणीः- कुल प्राप्ताङ्क १४३७ वा सोभन्दा बढी अङ्क ।
(ग) द्वितीय श्रेणीः- कुल प्राप्ताङ्क ११०० वा सोभन्दा बढी अङ्क ।
(घ) तृतीय श्रेणीः- ९४५ वा सोभन्दा बढी अङ्क ।
(ङ) सैद्धान्तिक तथा क्रियात्मक परीक्षामा क्रमशः ४० प्रतिशत र ५० प्रतिशत वा सोभन्दा बढी अङ्क ।

(४) आयुर्वेद पूरक पाठ्यक्रम (Condense Course) -

(क) आयुर्वेद पूरक पाठ्यक्रमको परीक्षाको उत्तीर्णाङ्क आयुर्वेद उत्तरमध्यमाको आन्तरिक मूल्याङ्कन, सैद्धान्तिक एवम् प्रयोगात्मक परीक्षाको उत्तीर्णाङ्कबमोजिम हुनेछ ।
(ख) श्रेणी उल्लेख गरिनेछैन ।

(५) आयुर्वेद उत्तरमध्यमा -

(क) विशिष्ट श्रेणीः ८० प्रतिशत वा सोभन्दा बढी अङ्क ।
(ख) प्रथम श्रेणीः- ६५ प्रतिशत वा सोभन्दा बढी अङ्क ।
(ग) द्वितीय श्रेणीः- ५५ प्रतिशत वा सोभन्दा बढी अङ्क ।
(घ) उत्तीर्णः- सैद्धान्तिक तथा क्रियात्मक परीक्षामा क्रमशः ४०% तथा

५०% वा सोभन्दा बढी अङ्क ।

(६) आयुर्वेद स्नातक (B.A.M.S.) तहको परीक्षामा कुल प्राप्ताङ्क-प्रतिशतको आधारमा देहाय-बमोजिम श्रेणी-वर्गीकरण गरिनेछः-

(क) विशिष्ट श्रेणीः- ८० प्रतिशत वा सोभन्दा बढी अङ्क ।

(ख) उत्तीर्णः सैद्धान्तिक पत्रमा ५० प्रतिशत र क्रियात्मक तथा मौखिक परीक्षामा ६० प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्नेछ । संयुक्तपत्रमा कुल प्राप्ताङ्क कम्तीमा ५० प्रतिशतभन्दा कम भएमा संयुक्तपत्र अनुत्तीर्ण भएको मानिनेछ।

(७) शिक्षाशास्त्री (B.Ed.)तहका परीक्षामा कुल प्राप्ताङ्क-प्रतिशतको आधारमा देहाय-बमोजिम श्रेणी-वर्गीकरण गरिनेछः-

(क) विशिष्ट श्रेणीः- ८०% प्रतिशत वा सोभन्दा बढी अङ्क ।

(ख) प्रथम श्रेणीः- ६०% प्रतिशत वा सोभन्दा बढी अङ्क ।

(ग) द्वितीय श्रेणीः- ४५% प्रतिशत वा सोभन्दा बढी अङ्क ।

(घ) तृतीय श्रेणीः- ३५% प्रतिशत वा सोभन्दा बढी अङ्क ।

(ङ) प्रयोगात्मक परीक्षाको उत्तीर्णाङ्क ४०% प्रतिशत हुनेछ ।

(८) आयुर्वेदाचार्यको पूरक पाठ्यक्रम (Condense Course) को परीक्षामा कुल प्राप्ताङ्क-प्रतिशतको आधारमा देहायअनुसार श्रेणीवर्गीकरण गरिनेछः-

(क) प्रथम श्रेणीः- ६०% प्रतिशत वा सोभन्दा बढी अङ्क ।

(ख) द्वितीय श्रेणीः- ५०% प्रतिशत वा सोभन्दा बढी अङ्क ।

(ग) तृतीय श्रेणीः- ४०% प्रतिशत वा सोभन्दा बढी अङ्क ।

(घ) प्रयोगात्मक परीक्षाको उत्तीर्णाङ्क ४०% प्रतिशत हुनेछ ।

(९) सिद्धान्तज्यौतिष विषयको एकवर्षे पूर्वाचार्य (Post Graduate Diploma in Siddhanta Jyautish) परीक्षाः- यस परीक्षामा १०० पूर्णाङ्कका ४ पत्र हुनेछन् । उक्त पत्रहरूको उत्तीर्णाङ्क ४०% हुनेछ । यस परीक्षाको श्रेणी-विभाजन आचार्य परीक्षाको सरह हुनेछ। (१०) आचार्य तहका परीक्षाहरूमा कुल प्राप्ताङ्क प्रतिशतको आधारमा देहाय-बमोजिम श्रेणी-वर्गीकरण गरिनेछः-

(क) विशिष्ट श्रेणीः- ८०% प्रतिशत वा सोभन्दा बढी अङ्क ।

(ख) प्रथम श्रेणीः- ६०% प्रतिशत वा सोभन्दा बढी अङ्क ।

(ग) द्वितीय श्रेणीः- ५०% प्रतिशत वा सोभन्दा बढी अङ्क ।

(घ) तृतीय श्रेणीः- ४०% प्रतिशत वा सोभन्दा बढी अङ्क ।





३५. **परीक्षा शुल्कः-** वार्षिक परीक्षामा सम्मिलित हुन चाहने छात्रहरूले तोकिएको समयभित्र निर्देशिकामा तोकिएबमोजिमको शुल्क बुझाई आवेदन दिनुपर्नेछ ।

३६. **प्रश्नपत्रको स्तर तथा क्षेत्रः-** (१) भाषा, वेश-भूषा, जात, वर्ण, लिङ्ग, धर्म आदिलाई आघात पुग्नजाने गरी प्रश्नहरू सोध्न हुनेछैन ।

(२) निर्धारित पाठ्यांश र प्रकरणको सम्पूर्ण क्षेत्रबाट समानरूपमा प्रश्नहरू सोध्नुपर्नेछ । पाठ्यक्रम बाहिरका प्रश्नहरू सोध्न हुनेछैन ।

(३) पाठ्यक्रममा निर्धारित अङ्कविभाजन-बमोजिम नै प्रश्नहरू सोध्नुपर्नेछ।

(४) परीक्षाको निमित्त तोकिएको समयभित्र उत्तर दिन सकिने गरी प्रश्नहरू सोध्नुपर्नेछ ।

(५) पाठ्यक्रम र पाठ्यपुस्तकको आधारमा तहअनुरूप स्तरयुक्त प्रश्नहरू सोधिनुपर्नेछ ।

३७. **परीक्षा सञ्चालन निर्देशिका-बमोजिम हुनेः-** परीक्षा केन्द्र निर्धारण, केन्द्राध्यक्षको नियुक्ति, केन्द्राध्यक्षको काम, कर्तव्य र अधिकार, सहायक केन्द्राध्यक्षको नियुक्ति, सहायक केन्द्राध्यक्षको काम, कर्तव्य र अधिकार पर्यवेक्षकको नियुक्ति, पर्यवेक्षकको काम, कर्तव्य र अधिकार, निरीक्षकको नियुक्ति तथा काम, कर्तव्य र अधिकार, कर्मचारीको नियुक्ति र काम, कर्तव्य र अधिकार, मसलन्द खर्च, परीक्षा-पारिश्रमिक, प्रश्नपत्र निर्माण, उत्तर पुस्तिका परीक्षण र सम्परीक्षण, टेबुलेशन, लब्धाङ्क लेखक, मोडलेटर, केन्द्राध्यक्ष, निरीक्षकहरूलाई दिइने पारिश्रमिक र विभिन्न शुल्कहरू परीक्षा सञ्चालन-निर्देशिकामा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ७

## विश्वविद्यालयमा अध्ययन-अध्यापन हुने तह, विषय र भर्ना हुन चाहने विद्यार्थीहरूको योग्यता

**४०. विश्वविद्यालयमा अध्ययन-अध्यापन हुने विषय र तहहरूः-**

विश्वविद्यालयमा देहायका विषय र तहहरू सञ्चालन हुनेछन्:-

(१) उत्तरमध्यमा तह

(क) उत्तरमध्यमा (P.C.L.)

(ख) आयुर्वेद स्वास्थ्य सहायक प्रशिक्षण (A.H.A. Training Programme)

(ग) आयुर्वेद उत्तरमध्यमा (A.P.C.L.)

(घ) विज्ञान उत्तरमध्यमा (P.C.L.)

(२) शास्त्री तह

(क) शास्त्री (Bachelors Degree)

(ख) आयुर्वेदाचार्य (Ayurveda-Acharya)

(ग). आयुर्वेद स्नातक (B.A.M.S.)

(घ) शिक्षाशास्त्री (एकवर्षे) (B.Ed.)

(३) आचार्य तह

(क) आचार्य (Masters Degree)

(४) विद्यावारिधि (Doctor of Philosophy)

**४१. पठन-पाठन हुने समयावधि एवम् विषयहरूः-**

(१) संस्कृत उत्तरमध्यमाः- संस्कृत उत्तरमध्यमा तह दुई वर्षमा पूरा हुनेछ । विषय, पत्र, पूर्णाङ्क र उत्तीर्णाङ्क तोकिएबमोजिम हुनेछ ।

(२) विज्ञान उत्तरमध्यमाः- विज्ञान उत्तरमध्यमा तह दुई वर्षमा पूरा हुनेछ । विषय, पत्र, पूर्णाङ्क र उत्तीर्णाङ्क तोकिएबमोजिम हुनेछ ।

(३) आयुर्वेद उत्तरमध्यमाः- आयुर्वेद उत्तरमध्यमा तह तीन वर्षमा पूरा हुनेछ । विषय, पत्र, पूर्णाङ्क र उत्तीर्णाङ्क तोकिएबमोजिम हुनेछ ।

**द्रष्टव्य** :- (क) विज्ञान विषयको ७५% सैद्धान्तिक र २५% प्रयोगात्मक हुनेछ ।

(ख) प्रयोगात्मक विषयको उत्तीर्णाङ्क ४०% र सैद्धान्तिक विषयको उत्तीर्णाङ्क ३५% हुनेछ ।

(ग) प्रयोगात्मक विषय प्रतिहप्ता ४ कक्षा (पिरियड) र सैद्धान्तिक विषय प्रतिहप्ता



कर्तव्य र जिम्मेवारी हुनेछ ।

(८) आफूले पाएको सक्कल प्रमाणपत्र कुनै कारणवश हराएमा वा नष्ट भएमा सो बेहोरा जनाई शुल्कसहित सक्कल प्रमाणपत्र हराएको भन्ने प्रहरी प्रतिवेदन र पत्रिकामा दिइएको सूचना आदि संलग्न गरी रीतपूर्वकको निवेदन दिएमा प्रमाणपत्रको प्रतिलिपि प्राप्त गर्न सकिनेछ ।

# परिच्छेद - ६

## मानार्थ-उपाधि

३९. **मानार्थ उपाधिको व्यवस्थाः-** (१) उच्च प्राज्ञिक योग्यता एवम् विशिष्ट स्थान प्राप्त गरेको कुनै व्यक्तिलाई विश्वविद्यालयले मानार्थ विशेष उपाधि महाविद्यावारिधि र मानार्थ अन्य उपाधि प्रदान गर्न सक्नेछ । मानार्थ उपाधि प्रदान गर्दा देहाय- बमोजिमको नीति अवलम्बन गर्नुपर्नेछ :-

**क) मानार्थ विशेष उपाधि महाविद्यावारिधिः-**

संस्कृत-वाङ्मय वा ज्ञान-विज्ञानका क्षेत्रमा उल्लेखनीय योगदान गर्ने वा राष्ट्रिय अभ्युत्थान वा गरिमाको अभिवृद्धिमा विशेष योगदान पुऱ्याउने स्वदेशी वा अन्तर्राष्ट्रिय क्षेत्रमा मानवीय वा वाङ्मयको अभ्युत्थानमा विशिष्ट योगदान दिने विदेशी विशिष्ट व्यक्तिलाई मानार्थ विशेष उपाधि महाविद्यावारिधि प्रदान गर्न सकिनेछ ।

**ख) मानार्थ अन्य उपाधिः-**

विषय-विशेषमा मौलिक शोध वा विशिष्ट कृतिद्वारा संस्कृत वाङ्मयको विकासमा योगदान दिने स्वदेशी वा विदेशी विद्वान्लाई मानार्थ अन्य उपाधि प्रदान गर्न सकिनेछ । त्यस्ता उपाधिको नाम तोकिए-अनुसार हुनेछ ।

(२) मानार्थ उपाधि पाउन योग्य र उपयुक्त व्यक्तिको सिफारिस प्राज्ञिक-प्ररिषद्ले गर्नेछ । मानार्थ उपाधिका लागि नाम सिफारिस गर्दा प्राज्ञिक-परिषद्को दुई-तिहाई बहुमतबाट पारित भएको हुनुपर्दछ ।

(३) उपनियम (२) मा उल्लेख गरेको सिफारिसलाई सभाका सम्पूर्ण सदस्यहरूको दुई-तिहाईको समर्थन भएको हुनुपर्नेछ र कुलपतिको स्वीकृतिसमेत प्राप्त हुनुपर्नेछ ।

(४) उपनियम (२) र (३) बमोजिम सिफारिस भएको व्यक्तिलाई मानार्थ उपाधि प्रदान गर्न कुनै परीक्षा लिइनेछैन ।

(५) मानार्थ उपाधि नियमित वा विशेष दीक्षान्त समारोहमा प्रदान गरिनेछ तर नियमित वा विशेष दीक्षान्त समारोहमा हस्तान्तरण हुन नसकेका प्रमाणपत्र तथा मानार्थ उपाधिहरू तोकिएको सर्त र रीत पुऱ्याई जुनसुकै बेलामा पनि परीक्षा-नियन्त्रकले हस्तान्तरण गर्न सक्नेछ ।

(६) मानार्थ उपाधि पाउने व्यक्तिको उपाधि नपाउँदै निधन भएमा, मृत्युपरान्त





निजले पाउने उपाधि निजको हकवालालाई दिइनेछ ।

(७) मानार्थ उपाधिको ढाँचा तोकिएबमोजिम हुनेछ ।

(८) मानार्थ उपाधिको प्रलेख र प्रमाणपत्र परीक्षा नियन्त्रण कार्यालयले सुरक्षित रूपमा अन्य प्रमाणपत्र-सरह नै सुरक्षित चिन्ह र गोपनीयताको नियमअनुरूप तयार गर्नेछ र परीक्षा-नियन्त्रकको जिम्मामा सुरक्षित राखिनेछ ।

(९) हस्तान्तरित प्रमाणपत्र तथा मानार्थ उपाधि हराएको वा चोरी भएको वा नष्ट वा अन्यथा भएको कारण दर्शाई सम्बन्धित व्यक्ति वा निजको हकवालाबाट आवेदन पर्न आएमा सो बेहोरा प्रमाणित र विश्वसनीय भएमा परीक्षा-नियन्त्रकले तोकिएको शुल्क लिई त्यस्ता प्रमाणपत्रको प्रतिलिपि दिनुपर्नेछ ।

(१०)विश्वविद्यालयबाट दिइएका कुनै प्रमाणपत्र तथा मानार्थ उपाधिका सम्बन्धमा कुनै गम्भीर त्रुटि देखिएमा वा राष्ट्रिय हितका लागि असाधारण अवस्था आइपरेमा त्यस्तो प्रमाणपत्र वा मानार्थ उपाधि खिच्ने, फिर्ता लिने, स्थगित गर्ने जस्ता निर्णय गर्ने अधिकार सभालाई हुनेछ, तर त्यस्तो निर्णय सभाका कुल सदस्य-सङ्ख्याको दुई-तिहाईबाट स्वीकृत हुनुपर्नेछ ।

संस्कृत भाषा प्रशिक्षणमा सफल भएका छात्रहरूलाई 'क' वर्गीय विषयको रूपमा नीतिशास्त्र, प्राच्यराजशास्त्र, ज्यौतिष, इतिहासपुराण, बौद्धदर्शन र साहित्य विषयमा मात्र अध्ययन गर्न अनुमति दिइनेछ। संस्कृत भाषा प्रशिक्षणमा ऐच्छिक विषयको रूपमा जुन विषय लिई परीक्षा उत्तीर्ण गरेकोछ त्यस्ता विद्यार्थीले सोही 'क' वर्गीय विषय लिई भर्ना हुन सक्नेछ ।

(ग) विश्वविद्यालयद्वारा स्वीकृत 'ख' वर्गीय विषयहरूमध्ये जुनसुकै विषय पनि लिन पाइनेछ ।

(घ) पूर्वमध्यमा वा सोसरहको तहमा अङ्ग्रेजी विषय नलिएका छात्रहरूलाई पनि उत्तरमध्यमा तहमा अङ्ग्रेजी विषय अध्ययन गर्न अनुमति दिइनेछ ।

**(२) शास्त्री तहमा**

(क) उत्तरमध्यमा तहमा जुन 'क' वर्गीय विषय लिई परीक्षा उत्तीर्ण गरेकोछ, शास्त्री तहमा पनि त्यही नै 'क' वर्गीय विषय लिई अध्ययन गर्नुपर्नेछ ।

(ख) संस्कृत विषय लिई उत्तरमध्यमा तहको समकक्ष परीक्षा (आई.ए. वा सोसरहको परीक्षा) उत्तीर्ण भएका विद्यार्थीहरूलाई शास्त्री तहमा 'क' वर्गीय विषयका रूपमा साहित्य, प्राच्यराजशास्त्र, सर्वदर्शन, फलितज्यौतिष, बौद्धदर्शन, इतिहासपुराण र धर्मशास्त्रबाहेक अन्य 'क' वर्गीय विषयहरूमा अध्ययन गर्न अनुमति दिइनेछैन ।

(ग) सामान्यतया उत्तरमध्यमा तहमा जुन 'क' वर्गीय विषय लिई परीक्षा उत्तीर्ण गरेको छ, शास्त्री तहमा पनि त्यही 'क'वर्गीय ऐच्छिक विषयमा अध्ययन गर्नुपर्नेछ, तर वेद, न्याय, ब्याकरण र ज्योतिष विषय बाहेक जुनसुकै 'क' वर्गीय विषयका विद्यार्थीले जुनसुकै 'क' वर्गीय विषयमा प्रवेश पाउन सक्नेछन् ।

(घ) 'ख' वर्गीय विषयको हकमा उत्तरमध्यमा वा सोसरह परीक्षामा जुन 'ख' वर्गीय विषय लिई परीक्षा उत्तीर्ण गरेकोछ, शास्त्री तहमा पनि सोही नै 'ख' वर्गीय विषय लिई अध्ययन गर्नुपर्नेछ, तर उत्तरमध्यमा तहमा अर्थशास्त्र र गणित-बाहेक अन्य 'ख' वर्गीय विषय लिएका छात्रहरूलाई शास्त्री तहमा उक्त दुई विषयबाहेक जुनसुकै विषयमा पनि प्रवेशको निमित्त अनुमति दिनसकिनेछ । यस्तै अर्थशास्त्र विषय





६ कक्षा (पिरियड) हुनेछ ।

(घ) आयुर्वेद उत्तरमध्यमाको सैद्धान्तिक र क्रियात्मक वा सैद्धान्तिकमात्र परीक्षा हुनेछ । सैद्धान्तिक परीक्षाका लागि निर्धारित पूर्णाङ्कमध्ये २०% को आन्तरिक र ८०% अङ्कको अन्तिम लिखित परीक्षा हुनेछ । उक्त दुवै परीक्षाहरूको उत्तीर्णाङ्क बेग्लाबेग्लै ४०% हुनेछ र दुवै परीक्षा बेग्लाबेग्लै उत्तीर्ण हुनुपर्नेछ। क्रियात्मक परीक्षाका लागि निर्धारित पूर्णाङ्कको अन्तिम परीक्षामात्र हुनेछ, त्यसको उत्तीर्णाङ्क ५०% हुनेछ ।

(४) **शास्त्री तहः-** शास्त्री तह तीन वर्षमा पूरा हुनेछ । विषय, पत्र, पूर्णाङ्क र उत्तीर्णाङ्क तोकिएबमोजिम हुनेछ ।

(५) **आयुर्वेद स्नातक (B.A.M.S.) ः-**आयुर्वेद स्नातक (B.A.M.S.) तह साढे पाँच वर्षमा पूरा हुनेछ । विषय, पत्र, पूर्णाङ्क र उत्तीर्णाङ्क तोकिए-बमोजिम हुनेछ ।

(६) **शिक्षाशास्त्री (B.Ed) ः-** शिक्षाशास्त्रीतह एकवर्षमा पूरा हुनेछ । विषय, पत्र, पूर्णाङ्क र उत्तीर्णाङ्क तोकिएबमोजिम हुनेछ ।

**द्रष्टव्यः**-शिक्षाशास्त्री तहमा रहेको अतिरिक्त संस्कृत भाषाको पत्रमा अनुत्तीर्ण भए पनि परीक्षाको उत्तीर्णतामा कुनै असर पर्नेछैन र सो अतिरिक्त पत्रको प्राप्ताङ्क, कुलयोग, श्रेणी र उत्तीर्णतामा समेत समावेस हुनेछैन ।

(७) **आचार्यतहः-** आचार्यतह दुई वर्षमा पूरा हुनेछ । विषय, पत्र, पूर्णाङ्क र उत्तीर्णाङ्क तोकिएबमोजिम हुनेछ ।

(८) **विद्यावारिधि (Ph.D.)ः-** विद्यावारिधि (Ph.D.) विश्वविद्यालयमा उच्च अध्ययनको तहमा शोध-अध्ययन सम्बन्धी दुईवर्षे अनुसन्धान कार्यक्रम संचालित हुनेछ । यस कार्यक्रमअन्तर्गत शोध-अध्ययन समाप्त भएपछि शोधकर्ताले नियमअनुसार आफ्नो शोध-अध्ययन-सम्बन्धी शोधपत्र अनिवार्य रूपमा प्रस्तुत गर्नुपर्नेछ । यसरी प्राप्त हुने शोधपत्रको मूल्याङ्कन गराउँदा स्वीकार्य ठहरिएमा शोधकर्तालाई वाक्परीक्षाको निमित्त आमन्त्रण गरिनेछ । वाक्परीक्षाबाट समेत योग्य ठहरिएमा शोधकर्ता विद्यावारिधि (Ph. D.) उपाधि प्राप्तिका निमित्त योग्य भएको मानिनेछ ।

४२ **विश्वविद्यालयमा प्रवेशका लागि चाहिने योग्यताः-** विश्वविद्यालयमा प्रवेश दिँदा निम्न तहहरूमा निम्नानुसार प्रवेश दिइनेछः-

**(१) उत्तरमध्यमा**

(क) नेपाल संस्कृत विश्वविद्यालयबाट मान्यताप्राप्त शिक्षण संस्थाहरूमा

पूर्णाङ्क ५० को संस्कृत लिई एस.एल.सी., पूर्वमध्यमा वा सोसरह परीक्षा उत्तीर्ण वा एस.एल.सी. परीक्षा उत्तीर्ण भई यस विश्वविद्यालयद्वारा सञ्चालित संस्कृत भाषा प्रशिक्षणमा सफल भएका विद्यार्थीहरू विश्वविद्यालयको उत्तरमध्यमा तहमा प्रवेश पाउन योग्य मानिनेछन्।

(ख) विज्ञान उत्तमध्यमा तहमा अध्ययन गर्न चाहने छात्रहरूले अंग्रेजी, गणित तथा विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा कम्तीमा द्वितीय श्रेणीमा उत्तीर्ण भएको हुनुपर्नेछ ।

(ग) आयुर्वेद उत्तरमध्यमा तहमा अध्ययन गर्न चाहने विद्यार्थीहरू एस्. एल.सी. वा सोसरह परीक्षामा कम्तीमा द्वितीय श्रेणीमा उत्तीर्ण र अनिवार्य विषयका रूपमा अंग्रेजी, गणित र विज्ञान विषय लिएको हुनुपर्नेछ । उमेरको हकमा २५ वर्ष ननाघेको हुनुपर्नेछ ।

(घ) खण्ड (ख) र (ग) अनुसारको पाठ्यक्रमा विश्वविद्यालयबाट लिइने प्रवेश परीक्षामा उत्तीर्ण भएकालाई मात्र प्रवेश दिइनेछ ।

**(२) शास्त्री तह**

नेपाल संस्कृत विश्वविद्यालय वा यसबाट मान्यताप्राप्त शिक्षण संस्थाहरूबाट उत्तरमध्यमा वा सोसरह परीक्षा उत्तीर्ण भएका विद्यार्थीहरू मात्र शास्त्री तहमा प्रवेश पाउन योग्य मानिनेछन् ।

**(३) आयुर्वेद स्नातक (B.A.M.S.) तहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट देहायको परीक्षा उत्तीर्ण भएका विद्यार्थीहरूले आयुर्वेद स्नातक (B.A.M.S.) तहमा प्रवेश पाउन सक्नेछन्ः-

(क) आयुर्वेद उत्तरमध्यमा वा विज्ञान उत्तरमध्यमामा भौतिक शास्त्र, रसायन शास्त्र, विज्ञान तथा अङ्ग्रेजी विषय लिई सो परीक्षा उत्तीर्ण वा

(ख) बायोलोजी (Biology) विषय लिई आई. एस. सी. परीक्षा उत्तीर्ण वा

(ग) बायोलोजी (Biology) विषय लिई १०+२ को परीक्षा उत्तीर्ण वा

(घ) Traditional tyf general medicine विषय लिई प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण भएका विद्यार्थीले आवेदन दिन सक्नेछन् । त्यस्ता आवेदकहरूले विश्वविद्यालयबाट निर्धारण गरे बमोजिमको प्रवेश परीक्षा उत्तीर्ण हुनुपर्नेछ ।



**(४) शिक्षाशास्त्री तह**

मान्यताप्राप्त शिक्षण संस्थाहरूबाट शास्त्री वा सो सरहको परीक्षा उत्तीर्ण गरेका विद्यार्थीहरू शिक्षाशास्त्री तहमा प्रवेश पाउन आवेदन दिन सक्नेछन् । त्यस्ता आवेदकहरूले विश्वविद्यालयबाट निर्धारण गरेबमोजिमको प्रवेश परीक्षा उत्तीर्ण हुनुपर्नेछ।

**(५) आचार्य तह**

(क) नेपाल संस्कृत विश्वविद्यालय वा यसबाट मान्यताप्राप्त शिक्षण संस्थाहरूबाट तीनवर्षे शास्त्री वा सोसरह परीक्षा उत्तीर्ण भएका वा दुईवर्षे शास्त्री वा सोसरह परीक्षा उत्तीर्ण गरी एकवर्षे सेतु परीक्षा उत्तीर्ण भएका विद्यार्थीहरू मात्र आचार्य तहमा प्रवेशका निमित्त योग्य ठहरिनेछन् ।

(ख) कुनै एक विषयमा आचार्य परीक्षा उत्तीर्ण गरेको विद्यार्थीलाई भने पुनः अर्को विषयमा आचार्य तहमा प्रवेशका निमित्त सेतु परीक्षा दिइरहनुपर्नेछैन ।

**(६) विद्यावारिधि (Ph. D.) तहः-** नेपाल संस्कृत विश्वविद्यालय वा यसबाट मान्यताप्राप्त शिक्षण संस्थाहरूबाट आचार्य वा सोसरह परीक्षा न्यूनतम द्वितीय श्रेणीमा उत्तीर्ण भएका छात्र-छात्राहरू मात्र विद्यावारिधि (Ph. D.) तहमा प्रवेश पाउन योग्य मानिनेछन् ।

**४३. नाम दर्ता गर्नुपर्नेः-** विश्वविद्यालयमा सर्वप्रथम प्रवेश गर्ने विद्यार्थीहरूले निर्देशिकामा तोकिएअनुसारको विश्वविद्यालय दर्ता शुल्क बुझाई आफ्नो नाम विश्वविद्यालयमा अनिवार्य रूपमा दर्ता गराउनुपर्नेछ ।

४४. विषय-चयनः विश्वविद्यालयमा अध्ययन गर्न चाहने विद्यार्थीहरूलाई देहायका तहहरूमा निम्नानुसार विषय-चयन गर्न अनुमति दिइनेछः-

(१) उत्तरमध्यमा तहमा

(क) पूर्वमध्यमा (एस.एल.सी.) तहमा जुन ऐच्छिक संस्कृत विषय लिई परीक्षा उत्तीर्ण गरेकोछ उत्तरमध्यमा तहमा पनि त्यही नै 'क' वर्गीय विषय लिई अध्ययन गर्नुपर्नेछ तापनि वेद, ब्याकरण, न्याय-बाहेक अन्य जुनसुकै विषयमा प्रवेश पाउन सक्नेछ ।

(ख) संस्कृत विषय लिई एस.एल.सी. वा सोसरहको परीक्षा उत्तीर्ण भएका वा एस.एल.सी. परीक्षा उत्तीर्ण भई यस विश्वविद्यालयद्वारा सांञ्चालित

नियन्त्रण कार्यालयमा पेस गर्नुपर्नेछ । तोकिएको अवधिभित्र आवेदनपत्र प्रस्तुत नगर्ने छात्रहरूलाई दीक्षान्त-समारोहमा सम्मिलित गराउन सकिनेछैन ।

(७) दीक्षान्त-समारोहमा सम्मिलित हुन चाहने प्रत्येक छात्रले आवेदनपत्र साथ तोकिएबमोजिमको रकम दाखिला गर्नुपर्नेछ ।

(८) दीक्षान्त-समारोहमा उपस्थित हुन असमर्थ रहेका छात्रछात्राहरूले परीक्षा नियन्त्रण कार्यालयबाट तोकिएको रकम दाखिला गरेपछि मात्र उपाधिको प्रमाणपत्र पाउन सक्नेछन् ।

४७. **समारोहको कार्यक्रमः-** (१) दीक्षान्त-समारोहको अध्यक्षता कुलपति, सह-कुलपति वा उपकुलपतिबाट हुनेछ ।

(२) दीक्षान्त-समारोह दीक्षान्त-कक्षबाट प्रारम्भ हुनेछ । दीक्षान्त-सभाका अध्यक्ष एवम् सदस्यहरूको दीक्षान्त-शोभायात्रा निर्धारितक्रमअनुसार दीक्षान्त-मण्डपमा प्रवेश गर्नेछ र निर्धारितक्रम-अनुसार नै फर्किनेछ ।

(३) दीक्षान्त-शोभायात्रामा प्रस्थान गर्दा सभाका अध्यक्ष एवम् सदस्यहरूले तोकिए-अनुसारको पोशाक पहिरनेछन् ।

(४) दीक्षान्त-सम्बोधनको निमित्त कुनै विशिष्ट व्यक्ति आमन्त्रित भएमा वा कुनै विशिष्ट व्यक्तिलाई मानार्थ-महाविद्यावारिधि (D.Litt. Honorary Causa) उपाधि प्रदान गरिने भएमा तोकिएबमोजिमको पोशाक पहिरिई निजहरूले पनि शोभायात्रामा भाग लिनेछन् ।

(५) दीक्षान्त-समारोहमा मानार्थ-महाविद्यावारिधि (D.Litt. Honorary Causa) उपाधि पाउने व्यक्ति पनि सम्मिलित भएको अवस्थामा दीक्षान्त-मण्डपमा अध्यक्षबाट कार्य प्रारम्भ गर्ने अनुमति प्राप्त भएपछि शिक्षाध्यक्षले यस्तो उपाधि प्राप्त गर्ने व्यक्तिको पूर्ण विवरण सहित निजलाई अध्यक्ष-समक्ष प्रस्तुत गर्नेछन् । अध्यक्षले निजलाई सम्मानस्वरूप दोसल्ला ओढाई उपाधिको प्रमाणपत्र प्रदान गर्नेछन् ।

(६) दीक्षान्त-समारोहमा छात्रहरूको प्रस्तुतीकरण शिक्षाध्यक्षले गर्नेछन् ।

(७) उपाधि-प्राप्तिका निमित्त दीक्षान्त-समारोहमा उपस्थित हुने शास्त्री वा सोभन्दा माथिल्लो तहका छात्र-छात्राहरूले तोकिए-बमोजिमको पोशाक लगाउनुपर्नेछ ।

(८) मानार्थ महाविद्यावारिधि (D.Litt. Honorary Causa) र अन्य उच्च उपाधिसमेत प्रदान हुने समारोह भएमा मानार्थ महाविद्यावारिधि (D.Litt. Honorary Causa) को उपाधि प्रदान गरिएपछि र सो कार्यक्रम नभएमा समारोहका अध्यक्षबाट कार्यक्रम प्रारम्भ गर्ने अनुमति प्राप्त भएपछि शिक्षाध्यक्षले





लिएकालाई गणितबाहेक अन्य जुनसुकै विषयमा र गणित विषय लिएकालाई जुनसुकै विषयमा पनि अध्ययन गर्न अनुमति दिन सकिनेछ ।

(ङ) उत्तरमध्यमा वा सोसरहको तहमा अङ्ग्रेजी विषय नलिई छात्रहरूलाई परीक्षा उत्तीर्ण गरेका छात्रहरूलाई पनि शास्त्री तहमा अङ्ग्रेजी विषय अध्ययन गर्ने अनुमति दिन सकिनेछ ।

(३) **शिक्षाशास्त्री (B.Ed.) तहमाः-** एकवर्षे शिक्षाशास्त्री तहमा देहाय-बमोजिमका आधारमा ऐच्छिक विषयहरूको अध्ययन गर्न सकिनेछः-

(क) यस विश्वविद्यालय वा मान्यताप्राप्त विश्वविद्यालयवाट ३ वर्षे स्नातक गरेका विद्यार्थीहरूले जुन विषयमा ६०० अङ्कको विशिष्टीकरण गरेका हुन्छन् सोही विषयमा त्यस्ता विद्यार्थीलाई प्रवेश दिइनेछ ।

(ख) यस विश्वविद्यालय वा मान्यताप्राप्त विश्वविद्यालयवाट २ वर्षे स्नातक गरेका विद्यार्थीहरूले जुन विषय मूल विषयको रूपमा विशिष्टीकरण गरेका छन् सोही विषयमा त्यस्ता विद्यार्थीलाई प्रवेश दिइनेछ ।

(ग) सामाजिक अध्ययन विषयमा जुनसुकै विषय लिएर आएका विद्यार्थीले पनि सो विषयमा प्रवेश पाउन सक्नेछन् ।

(घ) कुनै विद्यार्थीले एक विषयमा एकवर्षे बी.एड गरिसकेपछि पुनः अर्को विषयमा वी.एड्. गर्दा स्नातक तहमा नलिएको विषय लिन चाहेमा स्नातक तहमा नलिएको मेजर विषय लिएर पास गरेपछि मात्र प्रवेश पाउन सक्नेछ।

(ङ) स्नातक तहमा लिएका मूल विषयमध्ये कुनै एक विषयमा वी.एड्. पास गरिसकेपछि पुनः अर्को मूल विषयमा वी.एड्. गर्न चाहनेलाई पुनः भर्ना लिई अध्ययन गर्न दिइनेछ र त्यस्ता विद्यार्थीले अनिवार्य विषय लिनु नपर्ने तथा श्रेणी-समेत उल्लेख हुनेछैन ।

(४) आचार्य तह

(क) छात्रहरूले जुन 'क' वर्गीय विषय लिई शास्त्री वा सोसरह परीक्षा उत्तीर्ण गरेका छन् तिनीहरूले सोही विषय लिई आचार्य तहमा अध्ययन गर्नुपर्नेछ।

(ख) संस्कृत विषय लिई शास्त्री तहको समकक्ष परीक्षा (बी.ए. वा

स्नातक) उत्तीर्ण गरेका छात्रहरूलाई आचार्य तहमा साहित्य,फलित-ज्यौतिष, इतिहासपुराण र बौद्धदर्शन विषयमा मात्र अध्ययन गर्न अनुमति दिइनेछ ।

(ग) वेद, नव्यन्याय, नव्यव्याकरण र सिद्धान्तज्यौतिषबाहेक अन्य 'क' वर्गीय विषयहरू लिई शास्त्री तहको परीक्षा उत्तीर्ण भएका छात्रहरूले उल्लिखित विषयहरूबाहेक अन्य जुनसुकै विषयमा पनि आचार्य तहमा अध्ययन गर्न सक्नेछ ।

(५) यस विश्वविद्यालयबाट मान्यताप्राप्त शिक्षण संस्थाबाट संस्कृत विषय नलिई प्रमाणपत्र वा स्नातक, स्नातकोत्तर वा सो-सरहको परीक्षा उत्तीर्ण गरी यस विश्वविद्यालयद्वारा सञ्चालित ५ महिने संस्कृत भाषा प्रशिक्षणमा उत्तीर्ण भएका विद्यार्थीहरूले यसै नियमको अधीनमा रही ऐच्छिक 'क' वर्गीय विषय र अनिवार्य संस्कृत विषयको मात्र परीक्षा दिने गरी विशिष्ट परीक्षार्थीको रूपमा सम्मिलित हुन सक्नेछन् । त्यस्ता विद्यार्थीहरूले ऐच्छिक 'ख' वर्ग तथा अन्य अनिवार्य विषयहरूको परीक्षा दिइरहनुपर्नेछैन ।





## परिच्छेद - ८
## दीक्षान्त-समारोह

**४५.** **bLlffG–; df/fkM** (१) शास्त्री, आयुर्वेदाचार्य (B.A.M.S.), आयुर्वेद स्नातक (B.A.M.S.), शिक्षाशास्त्री, आचार्य, विद्यावारिधि (Ph. D.) र मानार्थ महाविद्यावारिधि (D.Litt. Honorary Causa) उपाधि प्रदान गर्ने प्रयोजनका निमित्त दीक्षान्त-समारोहको आयोजना गरिनेछ ।

(२) विश्वविद्यालयबाट प्रदान गरिने उपाधि वितरणको लागि समान्यतः प्रत्येक शैक्षिक वर्षमा एकपटक विश्वविद्यालयले तोकेको स्थान एवम् समयमा दीक्षान्त-समारोहको आयोजना गरिनेछ तर मानार्थ महाविद्यावारिधि उपाधि प्रदान गर्नको निमित्त भने जुनसुकै समयमा पनि विशेष दीक्षान्त-समारोहको आयोजना गर्न सकिनेछ ।

**४६.** **शैक्षिक उपाधिः-** (१) प्रत्येक शैक्षिक वर्षको अन्त्यसम्ममा परीक्षाका सम्पूर्ण आवश्यक सर्तहरू पूरा गरी परीक्षामा उत्तीर्ण भइसकेका शास्त्री वा सोभन्दा माथिल्ला तहका छात्रहरूलाई उपाधि प्रदान गर्ने प्रयोजनका निमित्त विश्वविद्यालय सभाको बैठकमा शिक्षाध्यक्षद्वारा परीक्षामा सफल भएका छात्र-छात्राहरूको नामावली प्रस्तुत हुनेछ र प्रस्तुत छात्र-छात्राहरूलाई उपाधि प्रदान गर्ने अनुमति प्राप्त होस्" भनी शिक्षाध्यक्षले अध्यक्ष लगायत सभासद्हरूसमक्ष निवेदन गर्नुपर्नेछ ।

(२) विश्वविद्यालय सभाद्वारा अनुमोदन प्राप्त भएमा अध्यक्षले छात्र-छात्राहरूलाई उपाधि प्रदान गर्ने स्वीकृति दिई तत्सम्बन्धी अभिलेखमा हस्ताक्षर गर्नुपर्नेछ ।

(३) सभाको निर्णयअनुसार उपाधि प्राप्त गर्ने व्यक्तिहरूको उपाधिका प्रमाणपत्र र पदकहरू भए सोसमेत तैयार गरी तत्सम्बन्धी कामका लागि तोकिएका कर्मचारीहरूले दीक्षान्त-समारोह स्थल (दीक्षान्त-मण्डप) मा लिएर जानुपर्नेछ।

(४) उपाधिका प्रमाणपत्रहरू तोकिएको ढाँचामा वितरण गरिनेछन् ।

(५) दीक्षान्त-समारोहमा प्रदान गरिने उपाधिका प्रमाणपत्रहरू उपकुलपतिले आफ्नो हस्ताक्षरद्वारा प्रमाणित गर्नुपर्नेछ र यसमा विश्वविद्यालयको छाप (Embossed) अनिवार्य रूपमा लगाइएको हुनुपर्नेछ ।

(६) उपाधि-प्राप्तिका निमित्त परीक्षामा सफल भएका छात्रहरूले तोकिएअनुसारको ढाँचामा आवेदन फर्म भरी तोकिएको मितिभित्र विश्वविद्यालयको परीक्षा

अध्यक्षसमक्ष तोकिएबमोजिमको ब्यहोरा निवेदन गर्दै दीक्षार्थीहरूलाई उपस्थित गराउन अनुमति माग्नेछन्।

(९) अध्यक्षबाट दीक्षावाक्य उच्चारण भइसकेपछि उपाधि प्राप्त गर्ने सम्पूर्ण दीक्षार्थीहरू आ-आफ्नो आसनबाट उठ्नेछन् र अध्यक्षबाट निजहरूलाई सम्बोधन गरी तोकिए-बमोजिमको दीक्षा-वाक्य उच्चारण गराइनेछ ।

(१०) अध्यक्षबाट दीक्षावाक्य उच्चारण भइसकेपछि उपाधि प्राप्त गर्ने सम्पूर्ण दीक्षार्थीहरूले आ-आफ्नो आसनबाट उभिएर सामूहिक रूपमा तोकिए-बमोजिमको प्रतिज्ञा-वाक्य उच्चारण गर्नेछन् ।

(११) प्रतिज्ञा-वाक्य उच्चारण गरिसकेपछि उपाधि पाउने स्नातकहरूमध्ये पदक र पुरस्कार पाउनेहरूको नाम बोलाइनेछ र अध्यक्षबाट उपाधिका प्रमाणपत्रहरू वितरण गरिनेछन् भने अन्य स्नातकहरूलाई प्रमाणपत्र वितरण गर्न अध्यक्षबाट अनुमति प्राप्त भएपछि परीक्षा नियन्त्रण कार्यालयबाट वितरणको ब्यवस्था मिलाइनेछ ।

(१२) उपाधि वितरण गर्ने कार्य सम्पन्न भएपछि विशिष्ट अतिथिबाट दीक्षान्त-सम्बोधन हुनेछ ।

(१३) अध्यक्षको अनुमतिअनुसार दीक्षान्त-मण्डपको कार्यक्रम समाप्त भएपछि निर्धारितक्रम-अनुसार दीक्षान्त-शोभायात्रा दीक्षान्त-कक्षमा फर्किनेछ र समारोह विसर्जन हुनेछ ।

(१४) दीक्षान्त-मण्डपमा सभाका सहभागीहरूको आसनक्रम तोकिएअनुसार हुनेछ ।

४८. **समारोहको आयोजनाः-** दीक्षान्त-समारोहको आयोजना कुलसचिवको कार्यालयबाट हुनेछ ।

# परिच्छेद - ८

## विविध

४९. परीक्षा नियन्त्रण कार्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीका लागि शिक्षक तथा कर्मचारीको सेवा-सर्तसम्बन्धी नियममा व्यवस्था गरिएको आचारसंहिताका अतिरिक्त परीक्षा समितिले गोप्यतासम्बन्धी थप आचार-संहिता र कबुलियतसमेत गराउन सक्नेछ ।

५०. परीक्षा नियन्त्रण कार्यालयबाट लिइने परीक्षा र सोका लागि विद्यार्थीहरूबाट लिइने परीक्षा शुल्कको समीक्षा गरी सो-को विवरण परीक्षा सुधार तथा समन्वय परिषद्मा प्रस्तुत गर्नुपर्नेछ ।

५१. प्रत्येक तह र खण्डका लागि बनाइएका प्रश्नपत्रहरूको पोष्टिङ् र खर्चसम्बन्धी अभिलेख राख्नुपर्नेछ ।

५२. तात्कालिक महेन्द्र संस्कृत विश्वविद्यालयका नामबाट लिइएका परीक्षा र वितरण गरिएका उपाधिहरू नेपाल संस्कृत विश्वविद्यालयबाट भए गरेका मानिनेछन् ।

५३. ऐन र यस नियम तथा यस नियम अन्तर्गत कार्यप्रणाली वा कार्यनिर्देशिका बनाउने अधिकार कार्यकारिपरिषद्लाई हुनेछ ।

५४. यस नियमबमोजिम काम कारबाही गर्दा वा गराउँदा कुनै बाधा अड्काउ पर्न गएमा बाधा अड्काउ हटाउने वा फुकाउने वा व्याख्या गर्ने अधिकार कार्यकारि परिषद्लाई हुनेछ ।

५५. नेपाल संस्कृत विश्वविद्यालय ऐन २०४३ (संशोधनसहित) अन्तर्गत बनेका र यस अवधितक चालू रहेका परीक्षासम्बन्धी नियमहरू खारेज भएका मानिनेछन। उक्त नियमबमोजिम गरिएका काम कारबाहीहरू यसै नियमबमोजिम भए-गरेका मानिनेछन्।

**नियम २०६७।६।१५ मा ने. सं. वि. सभाबाट पारित**
**(मिति २०७० भाद्र २६ गतेसम्मको संशोधन समावेश)**